# माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भुमिका

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपुर्तिका लागि तयार पारिएको**

**शोधपत्र**


शोधकर्ता

परमानन्द कुमार यादब

क्याम्पस क्रमाङ्क : ०८/०६४

परीक्षा क्रमाङ्क : १३००६६/२०६६

त्रि.वि.दर्ता नं. : ९-१-१३-३७३-२०००

सूर्यनारायण  सत्यनारायण  मोरवैता यादब बहुमुखी क्याम्पस,

सिरहा


२०७१

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमूखी  क्याम्पस , सिरहा
shree Suryanarayan Satyanarayan Morbaita Yadav Multiple Campus Siraha
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
Educational Planning and Management Department

पत्र संख्या

चलानी नम्बर

## सिफारिस -पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग, शैक्षिक योजना तथा व्यवस्थापन विषयका छात्र परमानन्द कुमार यादबले स्नातकोत्तर तह दोश्रो वर्षको आवश्यकता परिपूर्तिका लागि **माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका** शीर्षकमा केन्द्रित रही गरेको शोधकार्य मेरो प्रत्यक्ष सल्लाह सुझाव र सुपरिवेक्षणमा रही तयार गर्नु भएको हो । उहाँले पूरा गर्नु भएको यस शोधकार्यप्रति म सन्तुष्ट छु । अध्ययन पूरा गरिएको यो शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

....................
**शोधनिर्देशक**
प्रा.चन्देश्वर यादब

मिति : २०७१/    /

त्रिभुवन विश्वविद्यालय

TRIBHUVAN UNIVERSITY

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादब बहुमूखी  क्याम्पस , सिरहा

shree Suryanarayan Satyanarayan Morbaita Yadav Multiple Campus Siraha

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

Educational Planning and Management Department

पत्र संख्या

चलानी नम्बर

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषयअन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षको आवश्यकता परिपुर्तिका लागि **माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका** शीर्षकमा परमानन्द कुमार यादबद्धारा तयार परिएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.  चन्देशवर यादब ................................

( विभागीय प्रमुख तथा शोध निर्देशक )

२. स.प्रा. धर्मराज सिहं ....................................

( शोध पत्र मूल्याङ्कन समिति सदस्य )

३. ............................... ..................................

मिति : २०७१ /

( बाहय परीक्षक )

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजन तथा व्यवस्थापन विषय स्नातकोत्तर तहको आवश्यकता पुरा गर्नका लागि **माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भुमिका** अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र तयार पारिएको हो । शोध प्रस्ताव स्वीकृत गरी यो विषयमा शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा विश्वविद्यालयमा क्याम्पस प्रति अभार व्यक्त गर्दछु । प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखन देखि शोधपत्रको अन्तिम लेखाइसम्म सहयोग, सल्लाह एवम् निर्देशन प्रदान गर्नु हुने शोधनिर्देशक प्रा. चन्देश्वर यादवप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी आवश्यक सल्लाह, सुझाव, मार्गदर्शन एवम् प्रोत्साहन उपलब्ध गराइ कार्य सम्पन्न गर्न सहयोग पुय्रई शोधपत्र तयार पार्ने वातावरण सृजना गरीदिने र स्वीकृती प्रदान गर्ने श्रद्धेय गुरु विभागीय प्रमुख प्रा चन्देश्वर यादव प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै शोध अध्ययनको विभिन्न चरणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने श्री सु.स.मो.या.व.क्याम्पस सिरहाको स. प्रा. सुरेन्द्र यादव, स.प्रा. किशोर साह, स.प्रा.धर्मराज सिहं प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।
शोधपत्र तयार पार्ने सिलसिलामा प्रश्नावली, अन्तर्वार्ता तथा छलफलमा सहभागी हुनुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रति कृतज्ञताज्ञापन गर्दछु । आफ्नो अमूल्य समय, श्रम, धन, मन खर्च गरी उच्च शिक्षा प्राप्त गर्न अवसर एवम् प्रेरण दिनुहुने परम पुजनीय आमा बाबु र परिवार अन्य सदस्यहरुप्रति ऋणी छु । अध्ययन गर्ने क्रममा सहयोग गर्नु हुने मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी कतैपनि झन्झट नमानी समयमानै शोधपत्र टाइपिङ्ग गरी सहयोग गर्नुहुने मो. ईर्शाद अहमद लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

# शोधसार

***माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भुमिका*** *शीर्षक राखेर तयार गरिएको यो शोधपत्र कै मुख्य उद्देश्य माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको योगदान पहिचान गर्नु हो ।*

*अनुसन्धानको ढाचाँलाई पूर्वसाहित्यहरुको अध्ययनबाट प्राप्त निष्कर्षलाई पनि यस अध्ययनसँग दाँजेर हेरिएको थियो । यो शोधपत्र गुणात्मक अध्ययन विधिमा आधारित छ । यो शोधकार्यको अध्ययन क्षेत्र सिरहा जिल्लाका ४ वटा विद्यालयमा सीमित रहेको थियो । साथै उद्देश्य प्राप्तीकालागि आवश्यक तथ्याङ्क संकलन गर्ने सम्बन्धित विद्यालयका प्रध्यानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका सदस्य, शिक्षक साथै सम्बन्धित क्षेत्रका सरोकारवालहरु संग प्रत्यक्ष भेटघाट र छलफल गरिएको साथै प्रश्नावली भराई अध्ययन कार्य अगाडि बढाइएको थियो ।*

*यस शोध कार्यको लागि नमुनाको रुपमा सिरहा जिल्लाको सुखिपुर श्रोत केन्द्र मध्ये श्री र.ज.मा.वि.बलही, श्री ज.उ.मा.वि.सुखीपुर, श्री राम जानकी उ.मा.वि. छजना र श्री ज.उ.मा.वि. दहीपौडी लाई नमूना छनौटको रुपमा लिइएको थियो । अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुको आधारमा विद्यालय व्यवस्थापन समितिको भौतिक पूर्वाधार विकास गर्न तथा आवश्यक आर्थिक स्रोत जुटाउन महत्पुर्ण भूमिका निर्वाह गरेको पाइयो । आर्थिक स्रोत सरकारी अनुदान, विद्यार्थी शुल्क, जग्गा जमिनको आम्दानी गा.वि.स.ले दिने केही अनुदानबाट विद्यालय संचालन भएको पाइयो भने विद्यालयको शैक्षणिक प्रक्रियाको अवस्थालाई हेर्दा प्राय : सबै जसो विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको प्रयोग नगरी अध्ययन गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिको शिक्षक विद्यार्थी अनुपात, शिक्षक विद्यार्थी नियमितता कक्षा छाड्ने र देहोय्राउने हर, विद्यालय सुधार योजना लेखापरिक्षणमा सक्रिय रुपमा सहभागिता रहेको पाइयो । यसरी विद्यालय व्यवस्थापनमा जनचेतनाको अभाव, राजनैतिक हस्तक्षेप, शिक्षका प्र.अ.र व्यवस्थापन समिति विच समन्वयको अभाव जस्ता समस्याहरु देखिएका थिए ।*

*समग्रमा भन्नु पर्दा यस शोध कार्यको रुपमा तथ्याङ्क श्रोतहरु उक्त विद्यालयहरुको प्रशासन शाखाबाट उपलब्ध गरेर अगाडि बढाइएको थियो । अध्ययनमा विद्यालयमा सञ्चालनको लागि विद्यालय व्यवस्थापन समितिको कार्य नै मुख्य रुपमा रहेको पाइयो । विद्यालय व्यवस्थापन*

*समितिको भूमिकामा आर्थिक तथा भौतिक पक्षमा बढि केन्द्रित भएको पाइयो भने शैक्षिक सुधारको पक्षमा आवश्यक सक्रियता नदेखिदाँ शैक्षिक जनशक्ति परिचालन तथा शैक्षिक स्तरमा उल्लेखनिय रुपमा सुधार हुन नसकेको निष्कर्ष निकालिएको थियो । विद्यालय व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम र तालिम सँचालन गर्ने शिक्षाका कार्यक्रमहरु ल्याउँदा तलको निकायबाट पनि सल्लाह र सुझाव बदल्ने गतिविधिहरु सरोकारवालाको प्रत्यक्ष सहभागितामा संचालन गर्नु पर्ने यस शोध पत्रको सुझाव रहेको थियो ।*

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | शिक्षक अभिभावक संघ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स | गाउँ विकास समिति |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| डा. | डाक्टर |
| प्र.अ. | प्रधानाध्यापक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| CERID | Research Center of Educational and Development |
| SMC | School Management Committee |
| SIP | School Improvement plan |

# विषयसूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

पृष्ठ

**परिच्छेद : एक** **१–७**

**परिचय**

१. अध्ययनको पृष्ठभूमि १

१.१ समस्याको कथन ४

१.२ अध्ययनको औचित्य ५

१.३ अध्ययनको उद्देश्य ६

१.४ अनुसन्धान प्रश्न ६

१.५ अध्ययनको परिसीमा ७

**परिच्छेद : दुई** **८–१४**

**सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.२ अध्ययनको सैद्धान्तिक खाका ८

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन तथा उपादेयता १३

**परिच्छेद : तीन** **१५–१८**

**अध्ययन विधि**

३.१. अनुसन्धान ढाँचा १५

३.२. जनसंख्या र छनौट १५

३.३. नमूना छनौटका आधारहरु १६

३.४. तथ्याङ्क संकलनका श्रोत तथा साधन १७

३.५. तथ्याङ्क संकलन प्रक्रिया १८

**परिच्छेद : चार १९–४५**

**नतिजाको विश्लेषण**

४.१. विद्यालयमा विद्यमान स्रोत र साधनको अवस्था १९

४.१.१ आर्थिक स्रोत १९

४.१.२ विद्यालयको भौतिक पक्ष २१

४.१.३ आर्थिक तथा भौतिक अवस्थाको सुधारमा विद्यालय व्यवस्थापन समितिको भुमिका २४

४.२ विद्यालयको शैक्षणिक प्रक्रिया २६

४.२.१ शिक्षण सिकाइ व्यवस्थापन २६

४.२.२. मूल्याङ्कन प्रक्रिया २८

४.२.३. मानव श्रोत २९

४.२.४. एस.एल.सी. परीक्षा उत्तीर्ण दर ३१

४.३. शिक्षण सिकाई अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिको योगदान ३२

४.३.१. शिक्षण सिकाई प्रक्रिया ३३

४.३.२. शिक्षक विद्यार्थी नियमितता ३४

४.३.३. विद्यालयको विद्यार्थी तथ्याङ्क ३५

४.३.४. शिक्षक कर्मचारी नियूक्ति र कार्य क्षमता मूल्याङ्कन ३७

४.३.५. विद्यालय सुधार योजना निर्माण र कार्यन्वयन ३८

४.३.६.सार्वजनिक लेखापरिक्षण ३९

४.४. विद्यालय व्यवस्थापनमा देखिएका समस्या र चुनौतीहरु ४१

४.४.१. आर्थिक तथा भौतिक ४१

४.४.२. जनचेतना ४२

४.४.३. राजनैतिक हस्तक्षेप ४३

४.४.४. शिक्षक प्र.अ. र व्यवस्थापन समिति विच समन्वय ४४

**परिच्छेद : पाँच** **४६–५०**

**निष्कर्ष र सुझाव**

५.१. निश्कर्ष ४६

५.२. सुझाव ४८

५.३.१ नीतिगत तह ४८

५.३.२. अभ्यास तह ४९

५.३.३. अनुसन्धान तह ४९

**सन्दर्भसामग्री** **५१**

**अनुसूचीहरु**

# परिच्छेद : एक

# परिचय

## १. अध्ययनको पृष्ठभूमि

कुनै पनि मुलुकमा शिक्षा विना कुनै पनि कार्यमा विकाशको गति लिन सकदैन । त्यसै अनुरुप शिक्षाले मानिसको विभिन्न पक्षमा सुधार ल्याउने गर्छन । यसरी नै हामीले अध्ययनको शिल-शिलामा मैले अहिलेको परिप्रेक्षमा समुदायिक विद्यालयहरुमा सरकारले गरिरहेको लगानी अनुसार उपलब्धि हासिल हुन सकिरहेको छैन । त्यसैले मैले स्नात्तकको उत्तर तहमा शोधपत्रको रुपमा माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका भने शिर्षकमा शोधपत्र तयार पार्न खोजेका छौ । यस अध्ययनको कर्ममा कुनै पनि राष्ट्रिय शिक्षा प्रणालीको प्रमुख माध्यमा नै विद्यालय र विद्यालयमा दिइने औपचारिक शिक्षालाई मान्ने गरेको पाइन्छ । विद्यालय नै औपचारिक शिक्षाको पहिलो र महत्पूर्ण सिकाई स्थान हो । आधुनिक विद्यालय अर्थात औपचारिक शिक्षाको सुरुवात बेलायतबाट भएको मानिन्छ । पछि क्रमश : विभिनन देशहरुमा विद्यालयहरु खोलिदै लगियो र नेपालमा औपचारिक विद्यालयको सुस्वात भएको त्यति धेरै समय भएको छैन । वि.सं. १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले आफ्ना सन्ततीहरुलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले थापथली दरबारमा खोलेको दरवार स्कूललाई नै नेपालको पहिलो आधुनिक स्कूल भनिन्छ । त्यपछि चन्द्रशमशेरको पालामा उपत्यका भन्दा वाहिर सिरहामा वि.स. १९७१ मा च.मा.वि. खोलिएको थियो । यसभन्दा अगाडि विभिन्न केन्द्रहरु जस्तै : मठ , मन्दिर गुम्बा, मस्जिद आदिमा धार्मिक तथा अध्यात्मिक शिक्षा दिइन्थ्यो यसरी दिइने शिक्षको मुख्या उद्देश्य चरित्र निर्माण गर्नु थियो । यस्ता धार्मिक संस्थाहरुको सञ्चालन तिनीहरुको नाममा राखिएका गुठीहरुबाट हुन्थयो र पण्डित पुजारीहरुले तिनीहरुको रेखदेख गर्दथे । शिक्षा विकास सँग - सँग आवश्यकताहरु पनि बढ्दै गए र जटिलहरु पनि थपिदै गए । धार्मिक संस्थाहरुमा दिएको जान र धारणको

विकास हुन सकेन । अत : वदलिँदो परिस्थितिअनुसार नेपालमा पनि विद्यालय शिक्षाको सुरुवात भयो । राणाकाललाई शिक्षा विकासको अवरोधको युग भनिन्छ तापनि शिक्षाप्रति जनताको चाहना र उर्लदो लहर राणाहरुको पूर्ण रुपले रोक्न सकेनन् । फलस्वरुप जनताहरुद्धारा संचालित पाठशालाहरु खुल्न थाल्यो । यसरी खुलेका पाठशालाहरुमा सम्पुर्ण व्यवस्थापन जनताहरुबाटै हुन्थयो पढेलेखेका व्यक्तिहरुले स्वयंसेवकको रुपमा पढाउँदथे । धार्मिक प्रवित्तिका मानिसहरुबाट विद्यालय सञ्चालनकोलागि दान, दातृत्व प्राप्त हुन्थयो । विद्यालयका निश्चित आयस्रोतहरु हुदैनथ्यो । चन्दा, दान संकलन गरेर भए पनि विद्यालय खोली आफ्ना सन्ततीहरुलाई शिक्षित बनाउने जनचाहना देखिन्थ्यो । यस्तो अवस्थामा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन, प्रशासन, निरिक्षण राज्य बाटै गर्नुपर्ने अन्यथा जनता राणाशासनको विरोधमा उर्लन सक्नेदेखि राणाप्रधानमन्त्री जुद्धशमशेरले वि.स. १९९६ मा शिक्षा इस्तिहार जनताको नाममा जारी गरे । नेपालमा विद्यालय व्यवस्थापन समितिको इतिहास वि.स.१९९६ देखि सुरु भएको मानिन्छ तत्कालिन विद्यालय सञ्चालक समितिमा सरकारी कर्मचारी, स्थानिय प्रशासक, शिक्षक र स्नातक तथा विद्यावारिधि गरेका व्यक्तिहरुलाई समेत समेट्ने व्यवस्था गरिएको थियो । अर्को शब्दमाभन्दा त्यस्तै सञ्चालक समिति सामुदायिक सहभागितामुलक व्यवस्था थियो भन्न सकिन्छ । सञ्चालक समितिमा सकेसम्म २ जना वि.ए. पास भएका र एक जना डाइरेक्टर राख्ने तथा १ जानालाई सेक्रेटरी वनाउने प्रावधान उल्लेख भएको थियो । राणाकालिन इतिहासमा भएको प्रावधान क्षेत्रिय निरिक्षक र सव इन्सपेक्टर (उपनिरिक्षक ) तथा स्थानिय स्तरमा सञ्चालक समितिको व्यवस्था गर्ने विशेष व्यवस्थाको सिफारिस गरिएको थियो । जस अुनसार सञ्चालक समितिको अध्यक्ष तथा जिल्लाका वडाहाकिम र डिविजनल इन्सपेक्टरको सिफारिसमा डाइरेक्टर जनरल अफ पब्लीक इन्सट्रक्सनद्धारा मनोनित गरिने समितिमा अध्यक्ष, सेक्रेटरी, प्र.अ. र शिक्षक प्रतिनिधी सहित मा.वि. मा १४ - १५ जना जवान रहने व्यवस्था गरियो । यसमा जनस्तर बाट सञ्चालन र व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी वहन गर्ने अवसर मिल्यो । माध्यमिक विद्यालयमा ११-१३ जना जवान र पाठशाला ( प्रा.वि. ) ५-७ जवान रहेको सञ्चालक समिति रहने

व्यवस्था गरेको थियो । जसअनुसार मा.वि. का अध्यक्ष जिल्ला वडाभित्र वा मजिस्ट्रेड, प्र.अ.१, शिक्षक प्रतिनिधी १, गा.वि.स./नगरपालिकाको वडा सदस्य सञ्चालक समितिको मुख्य काम संस्थाका लागि द्रब्य जम्मा गर्नु, संस्थालाई राम्ररी सञ्चालन गर्नु भन्ने उल्लेख गरेको पाइन्छ । त्यसबेला सरकारवाट विद्यालय सञ्चालनको लागि निश्चित प्रतिशत रकम दिइन्थ्यो र केहि अंश सञ्चालक समितिले जुटाउनु पर्थ्यो पछि देशभरि एकै प्रकारको शिक्षा प्रणाली स्थापना गर्ने उद्देश्यले सरकारी तवरबाट विद्यालयहरु सञ्चालन, नियन्त्रण र निर्देशन हुने साथै जनसमुदायबाट भौतिक साधन उपलब्ध गराउने, समान्य रेखदेख गर्ने कार्य मात्र हुन गयो । त्यतिवेला विद्यालय सहयोग समितिको कुनै दायित्व रहेन । जिल्ला शिक्षाकार्यालय र त्यस अर्न्तगतका निरिक्षकले विद्यालय सञ्चालनमा खासै सुधार ल्याउन नसकेकाले विद्यालय तहको शिक्षामा थुप्रै समस्याहरु महसुस गरियो र योजना लागु भएको १० वर्ष पछि सहयोग समितिलाई खारेज गरि पुन अधिकार सम्पन्न विद्यालय सञ्चालक समिति बनाइयो । त्यसपछि हरेक आयोगहरुले विद्यालय व्यवस्थापन समितिको व्यवस्था गर्नुपर्ने सुझाव दिएअनुसार शिक्ष ऐन २०२८ को सातौ संसोधन २०५८ ले ऐनमा नै विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको छ विद्यालयमा समुदायलाई सहभागिता गराउने क्रममा सुरुका विद्यालय सहयोग समिति, विद्यालय सञ्चालक समिति, र हाल आएर विद्यालय व्यवस्थापन समिति भनेर नामाकरण गरिएको छ । साथै हाल नेपाल सरकारले व्यवस्थापन समितिको अधिकार र कर्तव्यलाई व्यापक बनाई विद्यालय व्यवस्थापनको सम्पूर्ण जीम्मेवारी समूदायका व्यक्तिलाई अर्थात समुदायमै हस्नान्तरण गर्ने निति अवलम्वन गरेको छ । विद्यालयको सञ्चालनमा सरकारको मात्रै प्रयासले नहुने हुँदा समुदायमै रहेका व्यक्तिहरुबाट अर्थात त्यही विद्यालय व्यवस्थापन गर्दा शैक्षिक स्थीतिमा सुधार गर्न सकिन्छ। वास्तवमा विद्यालयको उपयुक्त व्यवस्थापनमा त्यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ र रहनु पनि पर्दछ । सामुदायिक विद्यालयमा एउटा विद्यालय व्यवस्थापन समिति रहने र त्यस विद्यालयको शैक्षिक, भौतिक, आर्थिक व्यवस्थापनमा उक्त विद्यालय व्यवस्थापन समितिको प्रमुख तथा महत्वपुर्ण उत्तरदायित्व रहने व्यवस्था गरिएको छ । माध्यमिक विद्यालयको शैक्षिक

विकासमा विद्यालय व्यवस्थापन समितिको विभिन्न काम कर्तव्य अधिकारहरु रहेका छन । विद्यालय सञ्चालनको लागि प्रशस्त साधन र स्रोतको परिचालन गर्नु पर्दछ । विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनको आधारमा विद्यालयको वातावरण धमिलाउन दिनु हुदैन । त्यस्तै जिल्ला शिक्ष कार्यालयले तोकेको लेखापरिक्षकबाट विद्यालयको वार्षिक लेखा परिक्षण गराउनु पर्दछ । शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संगठन गर्ने जस्ता कर्तव्य अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिइएकोछ ।

अत : विद्यालय व्यवस्थापन समितिहरुले आफ्नो काम, कर्तव्य र अधिकारको सहि प्रयोग गरि विद्यालय व्यवस्थापनमा खेलेको भूमिका उनीहरुको योगदानको खोजीमा अध्ययन केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

यो अध्ययन (विद्यालय व्यवस्थापन समितिले दिएको ) शिक्षण सिकाई कार्यमा विद्यालय व्यवस्थापन समितिले दिएको योगदानलाई पहिचान गर्न । विद्यालय व्यवस्थापन भन्नाले उपलब्ध स्रोत र साधनहरुको समुचित परिचालन गरि गुणस्तरिय तथा अधिकतम शैक्षिक उत्पादन गर्नु भन्ने बुझिन्छ । समितिले विद्यालयमा उपलब्ध साधन, स्रोतको समुचित परिचालकका साथै नपुग आर्थिक, भौतिक साधनहरुको समेत व्यवस्था र थप विकास गर्न पनि व्यवस्थापन ममितिकै उत्तरदायित्व भित्र पर्दछ । विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा सुधार ल्याउन जुन रुपमा कार्य गर्नु पर्ने हो सो हुन सक्नु ठूलो विडम्बना छ । हुन त यहाँ व्यवस्थापन समितिका सबै पदाधिकारीहरु शिक्षित छैनन त्यसैले राष्ट्रको माध्यमिक तहको शैक्षिक विकासमा जुन रुपमा सहभागिता हुनु सकेको छैन । व्यवस्थापन समितिमा शिक्षित व्यक्तिहरुको सहभागिता कम भएको हुँदा शैक्षिक विकासमा अन्योल अर्थात शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि विभिन्न समस्याहरु देखिन्छ । यसरी विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई आफ्नो स्पष्ट नीति र कानुनको अभावमा व्यवस्थापन समितिका सदस्यहरुलाई अझै आफ्नो जिम्मेवारीबारे कम जानकारी भएको पाइन्छ । यो नै आजको चुनौति हो

## १.३ अध्ययनको औचित्य

विद्यालय व्यवस्थापन समितिले शिक्षण सिकाई अभिवृद्धि गर्नको लागि विद्यालयमा महत्वपूर्ण जिम्मेवारी बहन गर्दछ । यस अध्ययनले विद्यालयको शिक्षण सिकाई कार्य विद्यार्थी, शिक्षक र समुदायबीचको समन्वय गरेको पाइयो । कुनै पनि देशको विकासको मूख्य आधार समय अनुकुल गुणस्तरीय शिक्षा विकास हो । गुणस्तरीय तथा प्रभावकारी शिक्षण सिकाई  प्रक्रियामा व्यवस्थापनको महत्वपुर्ण भूमिका रहेको हुन्छ । सक्षम र सक्रिय व्यवस्थापकहरु नै गुणस्तरीय शैक्षिक उत्पादनका लागि सफल भएका हुन्छन् । शैक्षिक व्यवस्थापनमा केन्द्रीयस्तरमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय र जिल्ला स्तरमा जिल्ला शिक्षा कार्यालय र विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति रहने गर्दछ । यी मध्ये मुख्य र प्रत्यक्ष सरोकारवाला विद्यालय व्यवस्थापन समिति नै हो । कुनै पनि अनुसन्धानका अर्थपुर्ण समस्या समाधान गर्न, नयाँ र सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरिएका हुन्छन । अनुसन्धानकर्ताले पनि आफ्नो समय, श्रम, र खर्चको प्रतिफलको आशा गरेको हुन्छ । यसै तथ्यलाई ध्यान दिदै निर्माण र कार्यान्वयनलाई शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई नजिकबाट अध्ययन गरि यसलाई अझ व्यापक र प्रभावकारी बनाउन सकियोस भन्नका लागि यो विषयलाई अध्ययनको विषय बनाइएको हो । कनै पनि समाजको विकास त्यस समाजमा उपलब्ध शैक्षिक विकासमा निर्भर गर्दछ । तसर्थ हरेक समाजले आफ्नो समाजमा शैक्षिक सुविधाकालागि विद्यालयहरु स्थापना र सञ्चालन गरेका हुन्छन । विद्यालय स्थापना र सञ्चालनले मात्र समाजको अपेक्षा पूरा गर्न सक्दैन । त्यस विद्यालयमा उचित र गुणस्तरीय शिक्षा प्रदान गर्नु पनि समाजकै उत्तरदायित्वभित्र पर्छ । वर्तमान विद्यालय शिक्षाको अवस्थालाई हेर्दा देशव्यापी रुपमा शैक्षिक गुणस्तरमा ह्रास चरमसिमामा पुगेको अवस्था छ । यसलाई सुधार गर्ने राज्यको भूमिका त आफ्नो ठाउँमा छदैछ, विद्यालय व्यवस्थापन समितिको भूमिका पनि आफ्नो ठाउँमा मन महत्वपुर्ण

हुन्छ किनकी सामुदायिक विद्यालय सञ्चालनमा राज्यभन्दा विद्यालय व्यवस्थापन समिति सँधै नजिक रहेर विद्यालयमा सञ्चालन गर्ने पुर्ण जिम्मेवारी पएको मुख्य सरोकारवाला निकाय हो ।

विद्यालयको सम्पुर्ण व्यवस्थापन सञ्चालनको जिम्मा विद्यालय व्यवस्थापन समितिलाई दिइएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ भनि विद्यालय व्यवस्थापन समितिको शिक्षण सिकाईको गुणस्तर सुधारकालागि नीतिगत तथा योजनावद्ध के-कस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ भन्ने सम्बन्धमा अध्ययन गरेकाले यो शोध औचित्य पूर्ण देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नलिखित राखिएका छन् :

(१) विद्यालयमा विद्यमान स्रोत र साधनको उपलब्धताको खोजी गर्नु ।

(२) विद्यालयको शिक्षण सिकाई प्रक्रिया पत्ता लगाउनु ।

(३) विद्यालय व्यवस्थापन समितिको शिक्षण सिकाई विकास निर्वाह गरेको भुमिका पहिचान गर्नु ।

(४) विद्यालय व्यवस्थापनमा देखिएका समस्या र चुनौतिहरु पत्ता लगाउनु

## १.५ अनुसन्धान प्रश्न

(क) माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भुमिका कस्तो रहेको छ ?

(ख) विद्यालयमा विद्यमान स्रोत र साधनको अवस्था के कस्तो रहेको छ ।

(ग) वर्तमान अवस्थामा विद्यालयको शैक्षणिक अवस्था कस्तो रहेको छ ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनमा समयको सिमितता, स्रोत साधन र आर्थिक अभाव आदिका कारणहरुले गर्दा हाल सिरहा जिल्लाका ३४ वटा माध्यमिक विद्यालयहरु र ३८ वटा उ.मा.वि. मध्ये ४

वटा विद्यालयहरुलाई लिइएको छ। सिरहा जिल्लाको सुखिपुर स्रोतकेन्द्र अन्तर्गतका ४ वटा विद्यालयलाई सीमित गरिएको छ । यसमा ४ वटै विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावकहरु, प्र.अ., शिक्षक अभिभावक संघ तथा शिक्षकहरुलाई समेटिएको छ । यस अध्ययन माध्यमिक विद्यालयको मात्र शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका भन्ने शीर्षकमा आधारित रही विभिन्न तथ्याङ्कीय माध्यमको आधारमा व्याख्या एवम् विश्लेषण गर्नमा केन्द्रित गरिएको छ।

# परिच्छेद : दुई
# सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनबाट प्राप्त सूचनाहरुलाई व्याख्या विश्लेषण गर्न सैद्धान्तिक खाकाको रुपमा वेज्ञानिक व्यवस्थापनको सिद्धान्त (सन् १९११) र मानव सम्बन्ध सिद्धान्त दुईवटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ ।

उनका अनुसार मूलत यो अध्ययन माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको व्यवस्थापकिय पक्ष र ति विद्यालयहरुको समूदाय सँगको मानविय सम्बन्धसँग केन्द्रित रहेको छ । त्यसैले यस अध्ययनमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानविय सम्बन्धले व्यवस्थापकिय पक्षलाई कसरी सुधार गर्न सकिन्छ भनेर फरक-फरक चिन्तन प्रस्तुत गरेर उत्पादकत्व वृद्धि गर्ने दिशातर्फ उन्मुख भएकोले पछि यिनै सिद्धान्तहरु शिक्षाको व्यवस्थापनमा समेत लागु हुदै अएका छन् । यस यध्ययनमा विद्यालयको व्यवस्थापकिय पक्ष्लाई समेत समेटिएकोले यि दुईवटै सिद्धान्तहरुलाई यँहा उल्लेख गर्न मार्गदर्शनको रुपमा लिइएको छ । विद्यालयको भौतिक व्यवस्थापन शिक्षण प्रभावकारीता र शैक्षिक गुणस्तर वृद्धिका लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त उपयोग हुन सक्छ । विद्यालयको व्यवस्थापनको लागि कसले के काम गर्ने, कुनै पनि कामलाई राम्रो सँग सम्पन्न गर्न कसरि कामको बाडँफाडँ तथा अधिकारी प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पर्दछ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत, मानव संसाधनलाई उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्र.अ. शिक्षक, शिक्षिका, विद्यालय

व्यवस्थापन समिति, अभिभावक र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले वद्यिालयको व्यवस्थापनलाई प्रभावकारी बनाउन, शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न प्रत्यक्ष रुपमा सहयोग पुग्राउँछ ।

वैज्ञानिक व्यवस्थापन कुनै नयाँ अन्वेषण होइन न त यो नयाँ अविस्कार नै हो । यसले विगतका संयोनज नभएका तत्वहरु विशेष गरि पुराने तथा नियमको आधारमा संयोजन गर्दछ । यसले व्यवस्थापक र कामदारको मानसिक अवधारणमा परिवर्तन ल्याई यी दुवै बिचको आपसी भूमिका र दायस्त्व बुझन सघाउँछ । वैज्ञानिक व्यवस्थापन एकल तत्व होइन बरु यो विभिन्न तत्वहरुको संयोजन हो । वर्तमान समय व्यत्तिगत उपलब्धी हासिल गर्न सक्ने सक्षम व्यक्तिका पक्षमा छ तर आफ्नो क्षमताका आधारमा उपयुक्त भूमिका निर्वाह गर्न नसक्ने कामदारले अन्य व्यक्तिहरुसँग मिलेर काम गुर्न पर्दछ । मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाइ, प्रवित्ति र व्यवहार अर्को वयक्तिमा कसरी प्रस्तुत हुन्छ त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान, व्यक्तिगत गुण र मानविय तत्वले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी मानव सम्बन्धका विविध आयामहरुलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र आपसस्सम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । मानव सम्बन्ध भन्नाले मानवलाई मानव जस्तो व्यवहार गर्नपर्दछ, मानवलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको रुपमा लिनुहुदैन यसको आफ्नौ मानविय अस्तित्व छ भनि स्वीकार गर्नुपर्दछ । यदि सबै मिलेर उद्देश्यहरु पुर्ति गर्नु छ भने एकले अर्कोलाई पक्कै चिन्नुपर्दछ । यसअनुसार मानव सम्बन्ध यस्तो कला हो व्यवस्थापकले बुझेर व्यवहार गर्नुपर्छ जति धेरै मानविय सम्न्ध स्थापना गर्न सक्यो त्यतिनै राम्रो सम्बन्ध कायम भै काममै स्तरियता एवम् प्रभावकाविरता हाँसि हुन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो ।

वेज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्यशैलीलाई परिवर्तन गरि वैज्ञानिक बनाउनु पर्ने परिश्रमिकको वैज्ञानिक निर्धारण, कामको विभाजन, कामदारको छनौट गर्ने कार्यको वेज्ञानिककरण जस्ता पक्षलाई जोड दिएको र मानव सम्बन्ध सिद्धान्तले मानवसम्बन्ध तथा मानवीय पक्षमा जोड दिँदै मानिसहरुको मनोविज्ञान, व्यक्तिगत व्यवहार आपसी अन्तरसम्बन्ध व्यक्तिगत गुणहरु, नेतृत्व अनुयायी तथा यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरुको अध्ययनमा जोड दिएको देखिन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

त्यसैले यस अध्ययनमा माध्यमिक विद्यालयको शिक्षण सिकाई अभिवृद्धि गन विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको योगदान सम्बन्धमा निम्न शोधपत्र, लेख तथा पुस्तकको अध्ययन तथा समीक्षा गरिएकोछ । सम्बन्धित कृति रचनाको समीक्षा तथा विश्लेषणको उद्देश्य शोधशीर्षकको आधारभुत ज्ञान हाँसिल गरी त्यसको बारेमा धारणा कोर्नु हो अनुसन्धानकर्ताले आफ्नो अध्यनको क्षेत्रमा पूर्ववत गरिएका अध्ययन अनुसन्धान निश्कर्षहरु तथा संगठित रुपमा प्रकाशित गरिएका पुस्तक पत्रपत्रिका, लेख रचना तथा कृतिहरु अध्ययन गर्ने र त्यसको सारलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमानसम्म पनि अज्ञात तथा परिक्षण नगरिएका प्रमाण वा ज्ञानहरु बारे जानकारी प्राप्त गर्न सक्दछ ।

सेरिड (सन् २००१) का अनुसार वर्तमान समयमा हुने खानेहरु र स्वयम् सामुदायिक विद्यालयहरुका प्र.अ. शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका छोराछोरीहरु समेत निजी आवासीय अङ्ग्रेजी माध्यमका विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो । व्यवस्थापन पक्ष कमजोर देखिनु रहेको छ । सप्तरी र धनुषा जिल्लामा गरिएको यस स्थलगत अध्ययनमा सामुदायिक विद्यालयको आर्थिक गतिविधीमा पारदर्शिता नपाइएको विद्यालय र समुदाय बीचको सम्बन्ध कमजोर रहेको उपलब्ध स्रोतको अधिक्तम प्रयोग गर्न नसकेको विद्यालयलाई महत्वपूर्ण योगदान दिएका व्यक्तिहरुलाई वर्तमान विद्यालय व्यवस्थापन समितिमा कुनै स्थान नदिएकोजस्ता कारणबाट विद्यालयको विकास हुन नसकेको निष्कर्ष निकालिएको छ सेरिड (२००१) ।

भण्डारीका (२०६१) अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना विद्यालयमा समुदायको सहभागिता वृद्धि गरी व्यवस्थापन पक्षलाई सुद्धढ गराउने छात्राको भर्नादर वृद्धि एवम् दलित र पिछडिएका वर्गका बालबालिकाहरुलाई शिक्षाको राष्ट्रिय मूल धारमा ल्याउने उद्देश्य अनुरुप लागु गरिएको भए पनि कार्यक्रमको अन्त्यसम्म आइपुग्दा शिक्षामा छात्रा एमम् दलित र पिछडिएका वर्गका बालबालिकाको सहभागिता वृद्धि भए पनि समुदायमा विद्यालय हाम्रो हो भन्ने भावना विकसित हुन नसकेको कुरा देखाएका छन् । नेपालको प्राथमिक शिक्षामा गुणस्तर वृद्धि गर्न समुदायको सहभागिता वृद्धि गर्न र भौतिक व्यवस्थापन सुधार गर्न विभिन्न परियोजना र कार्यक्रमहरु सञ्चालन गरिएता पनि विद्यालयको भौतिक व्यवस्थापनमा समूदाय खासै सक्रिय हुन नसकेको देखिन्छ । समुदायले विद्यालयलाई व्यवस्थित बनाउनका लगि जबसम्म सक्रिय सहयोग गर्न सक्दैन तवसम्म शैक्षिक व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन  भन्ने निचोड विभिन्न परियोजना कार्यक्रमको मूल्याङ्कन मार्फत पत्ता लागेको हुँदा विद्यालयको व्यवस्थापन पक्षलाई समुदायमा हस्तान्तरण गर्दै लेजानु पर्ने धारणा व्यक्त गरेको छन् (भण्डारी,२०६१) ।

विद्यालयमा आधारित व्यवस्थापन यस्तो एउटा प्रक्रिया हो, जस अन्तर्गत प्र.अ. शिक्षक, विद्यार्थी र समुदायका विद्यार्थीहरु विद्यालयका समस्याहरु समाधानको निर्णय प्रक्रियामा सहभागि हुन्छन । शिक्षक शिक्षा (२०६४) ले सामुदायिक विद्यालय व्यवस्थापन जिम्मेवारी बहन गर्न सघाउने उपायहरुको उल्लेख यसरी गरेको छ  विद्यमान शिक्षा ऐनमा प्रधानध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षिक अभिभावक संघको व्यवस्थापन र यसको कार्य क्षेत्र स्पष्टसँग किटान गरी विद्यमान दुविधा हटाउनु पर्ने , सामुदायिक विद्यालयको व्यवस्थापन समुदायद्धारा गर्न सबै राजनीतिक दलहरुमा सकारात्मक प्रतिबद्धता आउनु पर्ने स्थानीय निकायहरुलाई सशक्त गरी संस्थागत विकासका कार्यक्रमहरु ल्याउनु पर्ने, अधिकारको प्रत्यायोजन मात्र नगरी अधिकार निक्षेपण गर्नु पर्ने, स्थानीय नीकायहरुलाई अधिकार निक्षेपणको प्रयोग सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने, दलित, जनजाति पिछिडिएका वर्ग, अपाङ्ग, महिला, अति विपन्न वर्गसम्म पुग्ने र उनीहरुको पहुँच वृद्ध गर्ने कार्यक्रम सञ्चालन गर्नु पर्ने शैक्षिक नेतृत्व

वर्गले उत्तरदायित्व जिम्मेवारी बोध अपनत्वको भावना, सुशासन र पारदर्शिता जस्ता कुरामा विशेष ध्यान दिनु पर्ने उल्लेख गरेको छ (शिक्षक शिक्षा, २०६४)

शाही (२०६०) का अनुसार शैक्षिक व्यवस्थापनमा प्रभावकारीतालाई गुणस्तरीय शिक्षा प्रदान गर्न अवलम्बन गर्नु पर्ने उपायको सन्दर्भमा महत्वपूर्ण सुझाव प्रस्तुत गरेका छन । शिक्षक कर्मचारीको राय सुझाव र परार्मशको आधारमा नेतृत्वलाई अगाडि बढाउनु पर्दछ । कार्य पारदर्शितालाई जोड दिँदै भेला आयोजना गरेर अरुको विचारको सम्मान गर्नु पर्दछ । शिक्षक प्र.अ. हरुमा जवाफदेहिताको भावना अभिवृद्धि गर्न निरीक्षण प्रणाली प्रभावकारी हुनुपर्दछ । दोहोरो सञ्चाल गरी सबैलाई विद्यालय गतिविधिबारे सुसुचित गर्नुपर्छ । विद्यालय व्यवस्थापन समितिमा स्वच्छ नि :स्वार्थ इमान्दारी समर्पित व्यक्तिको छनोट हुनु पर्दछ । विद्यालयको शैक्षिक उन्नतिका लागि थप अनुदान व्यवस्था गर्नु पर्दछ (शाही, २०६०)

खनाल (२०६५) समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको आर्थिक भौतिक अवस्था भन्दा हस्तान्तरण भए विद्यालयहरुमा आर्थिक भैतिक पक्षको व्यव्स्थापन राम्रो भएको देखियो । समुदायमा हस्तान्तरण नभएका विद्यालयमा भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयमा आन्तरिक दक्षता राम्रो भएको देखियो । यसको कारणको रुपमा विद्यार्थीको नियमितता, परिक्षा प्रणाली, शिक्षकको नियमितता विद्यार्थी संख्या, आफ्ना बालबच्चाको पठाइप्रति अभिभावकहरुको जागरुकता आदि जस्ता कारणहरु देखिए । समुदायमा हस्तान्तरण भएका विद्यालय सम्बद्ध अभिभावकहरुले विद्यालयहरुलाई आर्थिक सहयोग समेत उपलब्ध गराउने गरेको देखियो भने समय समयमा विद्यालयमा गई आफ्ना शैक्षिक अवस्थाको बारेमा चासो राख्ने गरेको देखियो । त्यसैले साममाजिक लेखापरिक्षणमा समुदायमा हस्तान्तरण भएका विद्यालयका अभिभावकहरु समलग्न हुने गरेको पाइयो भने हस्तान्तरण नभएका विद्यालय सम्बद्ध अभिभावकहरु संलग्न भएको देखिएन । समग्रमा समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुमा भन्दा हस्तान्तरण भएका विद्यालयहरुमा अभिभावक लगायत विद्यालय व्यवस्थापन समितिको सक्रियता रहेको धारणा व्यक्त गरेका छन् (खनाल,२०६५)।

गेलाल (२०६५) का अनुसार कार्यान्वयन पक्ष समग्रमा कमजोर देखिन्छ । कार्यान्वयन पक्ष कमजोर हुनुमा प्रध्यानाध्यापक तथा व्यवस्थापकीय कार्यकुशलता, आर्थिक कारण, विद्यालय पूर्णरुपले स्वायत्तता हुन नसक्नु अनुगमन तथा मुल्याङ्कनको संयन्त्रको संस्थागत हुन नसक्नु नै मुख्य कारणहरु देखिन्छ । यस अध्ययनमा विद्यालय सुधार योजनाले स्थानिय स्तरमा योजना निर्माण अभ्यासको सुरुवात स्थानीय स्रोत साधनको पहिचान र परिचालन, उत्तरदायित्व र जवाफदेहिताको भावना अभिवेद्धि गरान समाहित शिक्षाको बोध गराउनु, स्थानीय शिक्षामा सरोकारको भावना जागृत गराउने जस्ता क्रियाकलापमा स्थानीय सहभागिता अभिवृद्धि गर्न सफल भएको उक्त अध्ययनले देखाएको छ । (गेलाल,२०६५) ।

## २.३ सम्बन्धित साहित्य पुनरावलोकनको उपादेयता

माध्यमिक विद्यालयको शिक्षण सिकाई अभिवृद्धि गर्न  विद्यालय व्यवस्थापन समितिको योगदान अध्ययनको लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तको फरक फरक धारणा प्रस्तुत गरेता पनि अन्तोगत्वा उत्पादन वृद्धि गरेर सङ्गठनलाई बलियो पार्न विशेष जोड दिएका छन । यस प्रकार यी सिद्धान्हरु कामदारलाई प्रोत्साहित गरि उद्योगको उत्पादन बढाउने मान्यतामा अधारित भए पनि शिक्षा क्षेत्रको व्यवस्थापनमा यिनको प्रयोग हुँदै आएको छ । शैक्षिक व्यवस्थापनमा प्रयोग हुँदा जुन उपलब्धीहरु शिक्षा क्षेत्रले पायो त्यसकै आधारमा मेरो अध्ययनबाट आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न उपयोगी भएको छ । यसै गरी अध्ययनको क्रममा प्रयोग गरिएका पूर्व साहित्यहरुले आफ्नो ठाउँको विद्यालयमा सुधार योजनाको व्यवस्थापनमा आफ्नो भूमिका के हुन सक्छ ? के कस्ता काम हुन पर्छ ? आफ्नो अधिकार कसरी प्रयोग गर्ने ? सामुदायिक विद्यालयमा व्यवस्थापन जिम्मेवारी कसरी बहन गर्ने ? शैक्षिक व्यवस्थापनमा प्रभावकारितालाई गुणस्तरीय शिक्षा कसरी प्रदान गर्न सकिन्छ ? समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयको व्यवस्थापकिय पक्षहरुलाई हेरिएको छ । विद्यालयको विद्यमान स्रोत र साधनको उपलब्धता, शैक्षणिक प्रक्रिया, व्यवस्थापकिय पक्ष र विद्यालयसँग सम्बन्धित विविध पक्षहरुलाई समेटी अलग अलग क्षेत्रमा गरिएको महत्वपूर्ण

अध्ययनहरुले देखाएका निष्कर्षहरु र यस अध्ययनका लागि प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त प्राप्तिहरुलाई तुलना गर्दै अध्ययनकार्यलाई अगाडी बढाउन र निष्कर्षमा पुग्न सम्बन्धित पूर्व साहित्यहरुको अध्ययनले सहयोग पुग्यायो । त्यसैगरी आगामि दिनमा शिक्षासँग सम्बन्धित कस्ता कस्ता कार्यक्रमहरु ल्याउँदा सरोकारवालाहरु लावान्वित हुन्छन् र विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन पक्षको भूमिका बारेमा अध्ययन गर्न यस्ता पूर्व साहित्हरुको अध्ययन पनि अैचित्यपूर्ण रहेका छन् ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरु प्रयोग गर्नु पर्ने हुन्छ । जसले कुनै पनि समस्या र विषयवस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्न पद्दत पुग्राउँनुका साथै के-कसरी अध्ययन कार्य गरिएको छ त्यस कुरालाई प्रष्ट पार्ने काम गर्दछ । अनुसनधानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तर विरोध हटाउने र अपूर्णतालाई समेट्ने गरी अनुसन्धान ढाँचा तयार पार्नु पर्दछ ( खनाल, २०७०) । यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । गुणात्मक विधि भन्नाले कुनै अवस्था, घटना, र समस्याहरुको व्याख्यात्मक रुपमा अध्ययन गरी सूचना र तथ्याङ्क संकलन गरिने एउटा विधि हो (पूर्ववत्) । गुणात्मक अनुसन्धान ढाँचाद्धारा विषयवस्तुलाई गहिरिएर अध्यय गरिने साथै सम्बन्धित व्यक्ति, अवस्था, घटना सँग प्रत्यक्ष सर्म्पक हुने र प्राप्त सूचनाले अथार्थ नतिजा ल्याउने भएकोले यो अध्ययनको निम्ति गुणत्मक ढाँचा प्रयोग गरिएको छ । यस अध्ययन कार्यलाई प्रभावकारी बनाउनका लागि वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत उत्तरदातासँग विस्तृत विवरण लिइएको छ । वस्तुस्थितिलाई गहिरिएर अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरिको छ । यसरी

प्राप्त भएको तथ्याङ्कलाई वर्णनात्मक ढाँचाको प्रयोग गरी तार्किक ढङ्गले विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र छनौट

सिरहा जिल्लामा रहेका ३४ वटा माध्यमिक विालयहरु र ३८ वटा उ.मा.वि.हरु मध्ये यस अध्ययनका लागि यसै जिल्लाका ४ वटा माध्यमिक विद्यालयहरुलाई नमुना छनौट गरिएको थियो । यस अध्ययनमा जनसंख्या छनौट गर्दा उद्देश्यमुलक छनौटको आधारमा ४ वटा विद्यालयहरु छनौट गरिएको छ । यसरी सबै विद्यालयका ७२ जना प्र.अ. मध्ये ४ जना प्र.अ. त्यस्तै ७२ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये ४ जना अध्यक्ष, शिक्षक सदस्यहरु १८८ सदस्यहरु मध्ये ४ जना पदाधिकारी र अभिभावक साथै ४ वटा विद्यालयका १०४ जना शिक्षकमध्ये गरी १० जना शिक्षकहरु अध्ययनका लागि छानिएका थिए । गुणात्मक अध्ययनको लागि प्रत्येक विद्यालयमा सामुहिक छलफलको आयोजना गरिएको थियो ।

## ३.३ नमूना छनौटका आधार

अध्ययनले लक्षित गरेको उद्देश्यमा पुग्न सही अध्ययन क्षेत्रको छनौट हुनुपर्दछ । यसरी छनौट गर्दा अनुसन्धानकर्ताको आफ्नो पूर्वज्ञान अनुभव, दक्षता प्रयोग गरी अध्ययनका लागि सिरहा जिल्लाका ४ वटा विद्यालयहरु छनौट गरिएको थियो । जुन सुखीपुर स्रोत केन्द्रअर्न्तगतका ४ वटा विद्यालयहरु उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ । यसरी छनोट गरिएका विद्यालयहरुको परिचय अनुसूचीमा राखिएको छ ।

यस अध्ययनमा जनसंख्या छनोट गर्दा उद्देश्यमुलक नमुना छनोटका आधारमा प्रत्येक विद्यालयबाट ४ जना प्रध्यानाध्यापक, ४ जना व्यवस्थापन समितिका अध्यक्षलाई नमुना छनौटको रुपमा लिइयो भने शिक्षक अभिभावक संघका सदस्य र अभिभावकको जनसंख्या छनोट गर्दा सुविधाजनक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । त्यस्तै शिक्षक जनसंख्या छनोट गर्दा प्रत्येक विद्यालयमा गणित र नेपाली विषयको अध्ययन गराउने शिक्षकहरुलाई छनोट गरिएको छ ।

अध्ययनको उद्देश्यअनुसार आवश्यक नमूना छनौट गरी निष्कर्षमा पुग्न यो विधि प्रचलित रहेको तथा नमुना छनौट गर्न सजिलो भएकोले यस विधिलाई नमूना छनोटको आधार मानिएको छ । अर्कोतर्फ अनुसन्धानकर्ताको लागि छनौट गरिएका विद्यालयहरु अध्ययनको लागि सबै पक्ष (आर्थिक, समय, श्रम आदि) बाट पनि अनुकुल भएको र सिरहा जिल्लामा यसप्रकारका अध्ययन नभएकोले पनि सिरहा जिल्लालाई नमूना छनौटको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि तथा साधन

तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको साधनहरुमा विद्यालय अवलोकन फारम प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावकसंघका सदस्यलाई अन्तरवार्ता  प्रश्नावली र समूह छलफलका लागि निर्देशिका तयार गरिएको थियो जुन परिशिष्टमा देखाइएको छ । यसरी प्रयोग गरिएका तथ्याङ्कहरु संकलनका साधनहरुलाई यहाँ निम्नानुसार गर्णन गरिएको छ ।

### क) अन्तर्वार्ता सूची

यस अध्ययनकालागि आवश्यक तथ्याङ्क संकलन गर्न विभिन्न किसिमका अन्तर्वार्ता प्रश्नावली तयार गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक, सदस्य, अभिभावकलाई अलग अलग अन्तरर्वाता लिइएको थियो । अन्तर्वार्तामा मुख्यरुपले शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिले के कस्तो भूमिका खेलेको छ । विद्यालयको आर्थिक भौतिक, शैक्षिक विकासमा प्र.अ. शिक्षक तथा अभिभावकको संलगन्ता के कस्तो रहेको छ भन्ने जस्ता शीर्षकलाई अनुसुची २, ३, ४, ५ अनुसूचीमा भए अनुसारका प्रश्नावली तयार गरि अन्तवार्ता लिइएको थियो ।

### ख) अवलोकन फारम

माध्यमिक विद्यालयहरुको शिक्षण सिकाई विकास लक्ष्य अनुरुप भए नभएको अवलोकन गरिएको थियो । जसका लागि आर्थिक, भौतिक, शैक्षिक सुधारका लक्ष्यहरुको सुची बनाइ सोही अनुरुप अध्ययन गरिएको थियो । जुन अनुसुची ७ मा राखिएको छ ।

### ग) समूह छलफल

अलग-अलग विद्यालयका प्र.अ., वि व्य.स. का अध्यक्षहरु, शिक्षक, अभिभावक शि.अ.स. का सदस्यहरुसँग छलफलहरु गरिएको थियो । समूह छलफलमा विद्यालय र अभिभावकको सम्वन्ध, विद्यालयको विकासकालगि तर्जुमा गरिने योजनामा अभिभावकको संम्लग्नता, वि.व्य.सले गर्ने कार्य लेखापरिक्षणको सम्बन्धमा केन्द्रित थियो । यसमा छलफल गरिएका कुराहरुलाई समूह छलफल निर्देशिका को रुपमा अनुसूचीमा राखिएको छ । त्यस्तै समूह छलफलले अवलोकन र अन्तवार्ता बाट प्राप्त जानकारीलाई प्रमाणिकरण गर्न थप सहयोग गय्रो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनकालागि सर्वप्रथम प्रत्येक विद्यालयका प्र.अ. र शिक्षकहरुलाई सामुहीक रुपमा अध्ययनको उद्देश्यवारे स्पष्ट पारि त्यसपछि प्र.अ. बाट आवस्यक अनुमति लिएर अन्तरवार्ता प्रश्नावली अनुरुप प्रश्नहरु गर्दै आएको जवाफलाई टिपोट गरियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघ सदस्यहरुलाई विद्यालयका प्र.अ.ले नै आवश्यक जानकारी सहित विद्यालयमा आउन सूचना गरिदिएका थिए । वि.व्य.स.का अध्यक्ष, सदस्यलाई आवश्यक क्रमश : प्रश्नहरु गर्दै आएको जवाफलाई टिपोट गरिएको थियो भने अभिभावकहरुलाई घरमै अन्तरवार्ता प्रश्नावली भरियो ।

प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापनका अध्यक्ष, शिक्षक अभिभावक संघ सदस्यहरुसँग विद्यालय परिसरभित्रै समूह छलफल गरिएको थियो । समूह छलफलमा एकपटकमा एउटा मुद्दा तथा सवाल प्रस्तुत गरी त्यस बारे अलग-अलग सहभागीहरुको

प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोट गरि अर्को सवालमा क्रमश प्रस्तुत गरि समूह छलफल गरियो ।

# परिच्छेद : चार

# नतिजाको विश्लेषण

यस शोध अध्ययनमा विद्यालयबाट अनुसन्धान कार्यकालागि संकलन गरिएका तथ्याङ्कहरु तथा सम्बन्धित सरोकारवालाहरुबाट लिइएका खुला अन्तरवार्ता, अवलोकन फारम र समुह छलफलका आधारमा प्राप्त गरिएका तथ्यहरुलाई माध्यमिक विद्यालयहरुको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका भन्ने शोध अध्ययनको उद्देश्यअनुसार विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरि अध्ययनले पत्ता लगाएका पक्षहरुलाई प्रस्तुतीकरण गर्दै त्यसको विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयमा विद्यमान स्रोत र साधनको उपलब्धता

विद्यालयको विद्यमान स्रोत र साधनहरुको अवस्थाका सम्बन्धमा विद्यालय अवलोकन फारमको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको प्राप्त विवरण र अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट उपलब्ध आर्थिक स्रोतहरुको अवस्था विद्यालयको भौतिक अवस्था र आर्थिक तथा भौतिक अवस्थाको सुधारमा विद्यालय व्यवस्थापन समितिको योगदानको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.१ आर्थिक स्रोत

नमुना छनौटमा परेका प्राय : जसो सामुदायिक विद्यालयहरुमा सरकारी अनुदान नै प्रमुख आर्थिक स्रोतको रुपमा देखिन्छ । विद्यालयमा लिइने शुल्क अर्को प्रमुख आर्थिक स्रोत हो । विद्यालयको आफ्नो जग्गा जमिनबाट आउने आम्दानी पनि तराई क्षेत्रका विद्यालयहरुमा महत्वपूर्ण मानिन्छ । यसका अलवा गा.वि.स. ले दिने अनुदान वन उपभोक्ता समितिहरुबाट आउने अनुदान तथा चन्दाहरुले मुख्य आर्थिक स्रोत हुन ।

अध्ययनमा परेका विद्यालयहरुको विद्यालयको अवस्था एवम् त्यससम्बन्धी प्रधानाध्यापक विद्यालय व्यवस्थापनका पदाधिकारी एवम् अन्य सरोकारवालाहरुको आधारमा विद्यालयहरुको आर्थिक स्थितिलाई हेर्दा अध्ययनमा रहेका ४ वटा विद्यालयहरुमा ठुलो असमानता रहेको देखिन्छ । श्री जनता उ.मा.वि. सुखिपुर र श्री जनता उ.मा.वि. दहैपौडी जस्ता विद्यालय आर्थिक रुपले सम्पन्न देखिन्छ । यी विद्यालयहरु बजार क्षेत्रमा पर्ने यीनिहरुका जग्गा जमिन बजारमा पर्ने र ठेक्काबाट बढी आम्दानी हुने पाइएको छ । त्यस्तै माध्यमिक तह सञ्चालनको लागि सरकारी तवरबाट शिक्षक पनि आवश्यकता अनुसार प्रयाप्त दिइएको हुँदा यी दुई विद्यालयहरुमा विद्यालय सञ्चालनको लागि आर्थिक स्थितिले कुनै किसिमको समस्या नपर्ने देखिएको छ ।

श्री रजै जनकलाल मा.वि. वलही, श्री राम जानकी उ.मा.वि.छजना जस्ता विद्यालयहरुको आर्थिक स्थिति धेरै कमजोर देखिन्छ । सम्पन्न विद्यालयहरुमा सरकारी अनुदानका शिक्षक कोटाहरु पनि प्रयप्त देखिन्छ भने विपन्न विद्यालयहरुमा सरकारी अनुदानका शिक्षक कोटाहरु कम भएकोहुँदा झन ठूलो आर्थिक संकट बेहर्नु पर्ने देखिन्छ । विद्यालय सञ्चालन गर्न कठिन हुने हँदा थप आय स्रोतका लागि महंगो शुल्क लिने गरेको पाइयो । सरकारी नितिअनुसार विद्यालय तहको शिक्षा नि : शुल्क भनिए तापनि यी विद्यालयहरुमा माध्यमिक तह सञ्चालनमा सरकारी तवरबाट न्यून शिक्षक कोटा ( १-२ जना ) दिएको हुँदा विद्यालय सञ्चालनको लागि विद्यार्थी शुल्क अनिवार्यता देखिएको छ । शिक्षक दरवन्दी कम रहेका साथै विद्यालयको आफ्नो स्थानीय सम्पत्ति तथा आम्दानीको स्रोत कम भएका विद्यालयहरुले थप आर्थिक स्रोतका लागि गा.वि.स. ब.उ.स. जस्ता स्थानिय निकायबाट पनि सहयोग लिने गरेको पाइयो । त्यसतै भौतिक पूर्वाधारका लागि आर्थिक पक्ष त्यति बलियो नभएको हुँदा चन्दा पनि वैकल्पिक सहयोगको रुपमा लिने गरेको पाइयो ।

समग्रमा प्राप्त तथ्याङ्कलाई हेर्दा श्री जनता उ.मा.वि. सुखीपुर र श्री रामजानकी उ.मा.वि.हरु आर्थिक रुपमा सवल रेहेको र श्री रजै जनकलाल मा.वि., श्री जनता उ.मा.वि. जस्ता विद्यालय कमजोर रहेका विद्यालयहरुमा आन्तरिक आम्दानी पनि कम रहेको र मा.वि. तह सञ्चालनका लागि शिक्षक कोटाको पनि अप्रयाप्तताको कारण निजि

स्रोतबाट थप शिक्षकको व्यवस्था गर्नुपर्ने हुँदा झन् आर्थिक अवस्था कमजोर रहेको पाइन्छ भने वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई उपयोग गरी प्रयोग गर्न सकिन्छ भन्दछ । यसरी यहाँ भएका जति विद्यमान स्रोतहरु पनि मानव संसाधनलाई उपयोग हुने गरी भनेझै त्यहाँका सबैले जे जस्तो अवस्था छ त्यही प्रयोग गरेको पाइयो ।

### ४.१.२ विद्यालयको भौतिक पक्ष :

शैक्षिक विकासमा भौतिक अवस्थाले पनि प्रभाव परिरहेको हुन्छ । विद्यालयमा उपलब्ध भौतिक साधनको स्थितिको बारेमा प्रत्यक्ष अवलोकनद्धारा अनुसुचीमा उल्लेख भए अनुसारको अवलोकन फारमको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसकै आधारमा यहाँ विश्लेषण गरिएको छ । यस अन्तर्गत विद्यालय भवन र कक्षाकोठा, खेलमैदान र खेल सामग्री, खानेपानी, शैचालय, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री, फर्निचरको अध्ययन विश्लेषण गरिएको छ। जुन निम्नानुसार छन् :

### क. विद्यालय भवन र कक्षाकोठा :

नमुना छनौटमा परेका विद्यालयमा विद्यार्थी अनुसार भवन र कक्षाकोठा श्री जनता उ.मा.वि. सुखीपुर र श्री जनता उ.मा.वि. दहिपौडी प्रयाप्त देखिन्छ । यी विद्यालयहरुमा कक्षा सञ्चालनको लागि पक्की भवनका कक्षाकोठाहरु नै प्रयाप्त देखिन्छ । यि विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि प्रत्येक कक्षामा ४० जना भन्दा बढि विद्यार्थी रहनु हुनु हुँदैन भन्ने मापदण्ड अनुसार नभई कक्षा सञ्चालनमा कक्षा विभाजन नगरि सञ्चालन गरिएको छ । यी विद्यालयका बाँकी कच्ची कक्षाकोठाहरु परिक्षा सञ्चालन अतिरिक्त क्रियाकलाप, स्टोर रुमको रुपमा प्रयोग गरेको पाइयो । त्यस्तै श्री रजै नजकलाल मा.वि. र श्री राम जानकी उ.मा.वि. मा भने मा.वि. तह सम्म कक्षा सञ्चालन गर्न ११ वटा कक्षाकोठामा अध्यापन गर्नुपर्ने देखिन्छ । यी विद्यालयमा सरकारी मापदण्ड अनुसार ४० भन्दा बढी विद्यार्थी हुनु हुदैन र भएमा एउटा कक्षामा ४० जना भन्दा बढी विद्यार्थी भएमा बढी विद्यार्थीको उचित प्रबन्धको लागि विद्यालय व्यवस्थापन समितिले

व्यवस्था गर्नु पर्नेमा त्यस्तो गरिएको पाइदैन । सबै विद्यालयका कक्षाकोठाहरु प्रशस्त प्रकाश भएको देहोरो हावा प्रभावित हुने किसिमका छन ।

**ख. खेलमैदान र खेलसामग्री :**

माध्यमिक विद्यालयको शैक्षिक विकासको लागि पढाइएको साथ साथै मनोरञ्नका लागि खेलकुद तथा खेल समाग्रीको आवश्यकता पर्दछ । यहाँ सबै जसो विद्यालयहरुमा खेल मैदान रहेको पाइयो । साना खेलमैदान भएका विद्यालयहरुले समुदायका खेलमैदान प्रयोग गर्ने गरेका छन् । खेल सामाग्रीहरुको अवस्था सामान्य देखिन्छ । श्री जनता उ.मा.वि.सुखीपुर तथा श्री जनता उ.मा.वि. दहिपौडीमा अन्य विद्यालयको तुलनामा फुटबल भलिबल, व्याडमिन्ट रिङ्ग, डोरी, क्रिकेट, बल व्याट आदि सामाग्री केही बढि देखिन्छ तापनि विद्यार्थी संख्याको तुलनामा ती सामाग्रीहरु प्रयाप्त छैन् ।

**ग. खानेपानी :**

मानव स्वास्थ्यको लागि स्वास्थ्यकर पिउनेपानी सबैभन्दा महत्वपूर्ण हुन्छ । विद्यार्थीहरु ६ घण्टा विद्यालयमा रहने हुँदा उनीहरुलाई शुद्ध पिउने पानीको व्यवस्था गर्नु अति आवश्यक देखिन्छ । अध्ययन गरिएका विद्यालयहरुमा अवलोकन गर्दा श्री जनता उ.मा.वि.सुखीपुरमा ५ वटा खानेपानीको ट्यूवेल र श्री जनता उ.मा.वि.दहिपौडी मा ३ वटा खानेपानीको ट्यूवेल रहेको पाइन्छ । यो विद्यार्थी अनुपातमा ट्यूवेलको संख्या कम जस्तो देखिएता पनि तराइका विद्यालयहरुमा यसलाई प्रयाप्त भन्न सकिन्छ । त्यस्तै श्री रजै जनकलाल मा.वि. ३ वटा ट्यूवेल रहेको पाइयो । यो विद्यार्थी अनुपातमा ट्यूवेलको संख्या न्यून देखिन्छ ।

**घ. शौचालय :**

विद्यालयको भौतिक विकासमा शिक्षक विद्यार्थी दुवैका लागि शौचालयको आवश्यक देखिन्छ । यसको अभावमा विद्यालयमा शिक्षा ऐनमा व्यवस्था भए बमोजिम शौचालयको प्रबन्ध र त्यसको सरसफाइ हुनुपर्दछ । अध्ययन गरिएका विद्यालय मध्ये श्री जनता उ.मा.वि.सुखीपुर र श्री जनता उ.मा.वि.दहिपौडीमा विद्यार्थी संख्याको आधारमा प्रयाप्त

शौचालयको व्यवस्था भएको पाइयो । यहाँ छात्र छात्रा, शिक्षक शिक्षिकाहरुका लागि छुट्टाछुट्टै व्यवस्था गरिएको पाइयो भने श्री रजै जनकलाल मा.वि. र श्री राम जानकी उ.मा.वि. मा ३-३ वटा मात्र शौचालय रहेको छ । यो विद्यार्थी संख्या अनुसार न्यून रहेको हुँदा यहाँ विद्यार्थीहरु शौचालयको अभावमा  वरपर जाने हुँदा सरसफामा कमि पाइयो ।

**ङ. पुस्तकालय :**

सबै विद्यालयहरुमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुबाट उपलब्ध पुस्तकहरुबाट पुस्तकालय स्थापित भएको पाइयो तर यस मध्ये श्री जनता उ.मा.वि.सुखीपुरमा विद्यार्थीहरुले नियमित पढ्न पाउने गरि पुस्तकालय र वाचनालय रहेको छ भने अन्य चारवटा विद्यालयहरुमा अफिस कोठाको एउटा दराजमा पुस्तक संकलन गरेर राखेको र विद्यार्थीहरुले आंसिक रुपमा पुस्तकालयको सुविधा पाएका छन् ।

**च. प्रयोगशाला :**

विद्यालयमा विज्ञान र गणित जस्ता प्रयोगात्मक विषयहरुको लागि सैद्धान्तिक शिक्षाले मात्र नपुग्ने हुँदा प्रयोगात्मक कक्षा सञ्चालनको लागि प्रयोगशालाको आवश्यकता पर्दछ । छनौटमा परेकाविद्यालयहरुको अवलोकन गर्दा श्री जनता उ.मा.वि.सुखीपुरमा र श्री जनता उ.मा.वि.दहिपौडी मा विज्ञान विषयका लागि विज्ञान प्रयोगशाला पाईयो । अन्य विद्यालयहरुमा भने प्रयोगशाला कक्ष भेटिएन ।

**छ. शैक्षिक सामाग्री**

विद्यालयहरुमा पाठ्यपुस्तकका साथै विद्यार्थीहरुको उमेर सुहाउँदो र पाठ्यक्रममा उल्लेख भएका सिकाई उपलब्धी हाँसिल गर्न सहयोग पुऱ्याउने खालका सान्दर्भिक शैक्षिक सामाग्रीहरु हुनुपर्दछ । तर अध्ययनमा परेका विद्यालयहरुमा शैक्षिक सामाग्रीहरु सामान्य रुपमा केही केही मात्र रहेको पाइयो ।

**ज. फर्निचर**

प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाइ अनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ । यसरी उमेर अनुसारको डेक्स बेन्च यहाँ पाइदैन विद्यार्थी संख्याअनुसार फर्निचरको अवस्था हेर्दा श्री र.ज. मा.वि. बलही विद्यार्थीहरुलाई वस्नको लागि डेक्सबेन्चको अवस्था अपुग

देखियो जसमा साना कक्षाका विद्यार्थीहरुलाई गुन्द्री बोराको प्रयोग गरी राखिएको र माथिल्लो कक्षामा विद्यार्थीहरु खाँदाखाँद गरि बसेको अवस्थामा पाइयो । बाँकी अन्य चार विद्यालयहरुमा भने विद्यार्थी संख्याअनुसार डेकसबेन्च प्रयाप्त भएको पाइन्छ । डेक्स बेन्चको अवस्था हेर्दा लामा ५-६ जना विद्यार्थी वस्न मिल्ने र ओसार-पसार गर्न कठिन हुने खालको पाइयो, जुन कक्षाकोठा व्इवस्थापनको लागि उपयूक्त मानिदैन ।

समग्रमा विद्यालयहरुको भौतिक व्यवस्थापन श्री जनता उ.मा.वि. र श्री जनता उ.मा.वि. मा भने राम्रै भएको भने वाँकी विद्यालयहरुमा भौतिक पक्षमा सुधार गर्नु पर्ने देखिन्छ भने बैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारीता र शैक्षिक गुणस्तर वृद्धिको लागि उपयोग हुन्छ भन्दछ । यसरी वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले भने बमोजिम विद्यालयहरुको भौतिक व्यवस्थापन राम्रो भएको हुँदा शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तरमा सुधार भएको पाइयो । त्यसैगरी साहित्यको पुनरावलोकानमा भौतिक व्यवस्थापनमा समुदाय खासै सक्रिय हुन नसकेको देखिएको छ भने यो अध्ययनमा भएका भौतिक साधनहरुलाई व्यवस्थित सुधार गरिएको पाइन्छ ।

### ४.१.३ आर्थिक तथा भौतिक अवस्थाको सुधारमा विद्याय व्यवस्थापन समितिको भूमिका :

यस अध्ययनमा समावेश भएका विद्यालयहरुको अवलोकन भ्रमण तथा विद्यालय व्यवस्थापन समिति, प्र.अ. अभिभावक लगायतका व्यक्तिहरुबाट लिइएको अन्तरवार्ता को आधारमा विद्यालयको आर्थिक तथा भौतिक अवस्था सुधारमा विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिका रहेको पाइयो । आर्थिक स्रोत कमजोर रहेका भएका विद्यालयहरुले स्रोत वृद्धिका लागि विभिन्न निकायहरुमा पहल गरि स्रोत जुटाउने गरेको देखिन्छ भने आर्थिक स्रोत तुलनात्मक रुपमा बढि देखिएका विद्यालयहरु आफनो स्रोत र साधनलाई थप मर्मत सम्भार गरि स्थायी सटरहरु स्थापना गरि आयस्रोतमा वृद्धि गराउन पहल सुरु गरेका पाइन्छ ।

अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका विद्यालयहरु मध्ये कमजोर आर्थिक स्थिति रहेको विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी प्र.अ. शिक्षक अभिभावक लगायत

अन्य सरोकारवालाको आर्थिक स्रोत जुटाउनका लागि रामजानकी उ.मा.वि.ले भारतिय राजदुतावासमा भवन निर्माणका लागि राखेको प्रस्ताव स्वीकृत भई हाल, भवन निर्माणले तलव तथा अन्य कार्यक्रमहरुकालागि र उच्च मा.वि. सञ्चालन गर्नको लागि वन उपभोक्ता समिति तथा गा.वि.स.मा समेत पहल गरि अनुदान सहयोग समेत ल्याउन ल्याउन सफल भएको पाइयो । त्यस्तै रजै जनकलाल मा.वि.मा पनि निजी स्रोतका शिक्षकहरुको व्यवस्था मिलाउनु अपुग भवन निर्माण र जिर्णअवस्थामा रहेका भवनहरुको मर्मत सम्भारको लागि तथा थप पर्निचर बनाउनको लागि गा.वि.स. अनुदान चन्दा सङ्कलनको लागि घरदैलो अभियान गरेको पाइयो । आर्थिक पक्ष कमजोर रहेको हुँदा भौतिक व्यवस्थापनको लागि अपुग रकम सांसदहरुको कोष मार्फत प्रस्ताव राख्ने कुराहरु भई रहेका बुझियो । मा.वि. सञ्चालनमा सहयोग र उ.मा.वि. को आर्थिक स्थीति कमजोर रहेको हुँदा त्यहाँका विद्यालय व्यवस्तापन समितिका पदाधिकारीहरु , प्र.अ. शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाहरुले सक्रिय रुपमा पहल गरि थप आर्थिक सहयोग को लागि गा.वि.स. अनुदान, तथा स्थानिय खोलाको बालुवा, ढुङ्गा निकासीबाट आएको रकम विद्यालयको आर्थिक स्रोतको रुपमा जुटाउने कार्य गरेको पाइन्छ ।

तुलनात्मक रुपममा सवल रहेका श्री जनता उ.मा.वि.सुखीपुर र श्री जनता उ.मा.वि.दहिपौडी पनि भइरहेको आर्थिक भौतिक अवस्थालाई सुधार गर्न पहल भएको पाइन्छ । यी विद्यालयका आन्तरिक रुपमा रहेकोप्रमुख आम्दानीको स्रोत बजार रहेको पाइन्छ । यसमा भएक घर टहराहरुलाई भत्काई स्थायी सटरहरुको स्थापना गरि आयस्रोतमा वृद्धि गराउने पहल सुरु गरेका छन् ।

विद्यालयका आर्थिक स्रोत तथा भौतिक अवस्थालाई सुधार गर्न विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक लगायत अन्य सारोकारवालाहरु मिलेर पहल गरिएको पाइन्छ । यहाँ विद्यालय व्यवस्थापनम हरेक सवालमा राम्रो र आपसी सम्बन्ध कायम गर्न मानव सम्बन्ध सिद्धान्तले महत्वपूर्ण भूमिका खेलेको छ । विद्यालयमा विभिन्न स्रोतबाट जुटाइएका रकमहरु विद्यालय व्यवस्थापनमा हरेक सवालमा राम्रो र आपसी सम्बन्ध कायम गर्न मानव सम्बन्ध सिद्धान्तले महत्वपूर्ण भूमिका खेलेको छ । विद्यालयमा विभिन्न

स्रोतबाट जुटाइएका रकमहरु विद्यालय व्यवस्थापन समितिले केही निजी स्रोतका शिक्षकहरुको लागि खर्च गर्छ भने बाँकी प्राय : सबै आर्थिक स्रोतहरु विद्यालयको भवन फर्निचर लगाएतका भौतिक पूर्वाधार वृद्धिमै खर्च गर्ने गरेको पाइन्छ । यसरी भौतिक साधनको विकास गर्नमा विद्यालयका विद्यालय व्यवस्थापन समितिहरु मुख्य रुपले बढि क्रियाशिल भएको पाइन्छ ।

## ४.२.विद्यालयको शैक्षणिक प्रक्रिया

विद्यालयको शैक्षणिक प्रक्रियाको अवस्था नै शिक्षण सिकाई प्रक्रिया हो भने शिक्षण सिकाई पछि तोकिएका उद्देश्यहरु विद्यार्थीले कति हाँसिल गर्न सके भन्ने कुराको लेखाजोखा गर्न नै मूल्याङ्कन हो । यसैले शिक्षण सिकाई र मूल्याङ्कन वीचको अन्तर सम्बन्ध ज्यादै महत्वपूर्ण छ । भनिन्छ मूल्याङ्कन विना शिक्षण अधुरो हुन्छ । त्यस्तै अध्ययन गर्ने क्रममा परेका विद्यालयहरुको शिक्षण सिकाई प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको विशलेषण विभिन्न व्यक्ति प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समिति का अध्यक्ष अभिभावक आदिको अन्तरवार्ताको आधारमा शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रक्रियाको अवस्था, शिक्षक स्रोतको अवस्था, विद्यालयको एस.एल.सी. उत्तीर्ण दरको विश्लेषण गरिएको छ ।

### ४.२.१. शिक्षण सिकाइ व्यवस्थापन

शैक्षणिक प्रक्रियाको शिक्षण सिकाइ प्रक्रिया एउटा व्यवस्थीत कार्य भएकोले यस विभिन्न पक्षको समावेश हुनुपर्दछ । जसमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भने यसलाई व्यवस्थीत ढङ्गले व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति लगायत अभिभावकको पनि उत्तिकै दायित्व रहेको हुन्छ । शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थापन गर्न शैक्षिक पूर्वाधारको निर्माण गरी विद्यालय व्यवस्थापन समितिले आवश्यक वातावरण मिलाई दिनु पर्दछ । यसरी आवश्यक वातावरणको व्यवस्थापन गरेमा शिक्षकले सिकाइलाई आफ्नै योजना मार्फत सिकारुलाई सहजिकरण गर्न सकिन्छ । विद्यालयको शिक्षण सिकाइको व्यस्थापनमा विद्यालय व्यवस्थापन समितिले के कस्ता पहल गरेको छ भन्ने सम्बन्धमा प्र.अ.को धारणालाई हेर्दा शिक्षण सिकाइका लागि आर्थिक, भौतिक सामाजिक तथा शैक्षिक

पूर्वाधारहरु निर्माण गरि उपयूक्त किसिमको वातावरणको सृजना गरेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले अभिभावकका प्रतिनिधी भएको हुँदा अभिभावकले गर्ने कार्य र विद्यालय व्यवस्थापन समितिले गर्ने व्यवस्थापन दुवै गर्नु पर्दछ । यसमा सहभागी विद्यार्थीको शिक्षण सिकाइको उपलब्धीमा प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति प्र.अ. शिक्षक र अभिभावकका विचमा अधिक रुपमा समन्वय गराउन पहल गर्नु पर्दछ भन्ने धारण व्यक्त गरेका थिए । नमूना छनौटमा परेका विद्यालयहरु मध्ये श्री जनता उ.मा.वि.सुखीपुर का विद्यालय व्यवस्थापन समितिका अध्ययनको विचारमा शिक्षण सिकाई प्रक्रियामा तहगत विषयगत शिक्षकहरुलाई कार्य विभाजनको आधारमा परिचालन गरिएको छ । उनीहरुले शिक्षण सिकाई गरेको अवस्थामा कहिले काँही कक्षा अवलोकन पनि गर्ने गरिएको बताउनु हुन्छ । त्यहि सिकाइ प्रक्रियाको आधारमा स्तरिकृत गरि पुरस्कृत पनि गर्ने गरिएको छ । यस विद्यालयमा शिक्षकको अनुगमन तथा मूल्याङ्कन सिकाई प्रक्रियाकै आधारमा गर्ने गरिएको छ । सिकाइ प्रक्रिया विद्यालयमा शिक्षकले सहयोग गर्दछ । भौतिक तथा शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले सहयोग गर्दछ भने विद्यालय बाहिर घरमा समेत अभिभावकले प्रयाप्त सहयोग गर्नुपर्ने देखिन्छ । सिकाइ प्रक्रियामा अभिभावकले विद्यालय बाहिरको समयमा बालबालिकाको गृहकार्य सुपरिवेक्षण गर्नु पढाइप्रति चासो देखाउनु विषय शिक्षकसँग थपपृष्ठपोषणका लागि भेटघाट गर्नुपर्ने देखिन्छ । यस्ता किसिमका प्रयासहरु अभिभावकले गरेमा शिक्षण सिकाई प्रक्रियामा देखिएका कमिकमजोरीहरुलाई निराकरण गर्न सकिन्छ । विद्यालयको शैक्षणिक प्रक्रिया अन्तर्गत शिक्षण सिकाइ प्रक्रिया तल्लो तहका लागि कक्षा शिक्षण विधि अपनाउने गरिएको छ भने मा.वि.तहमा शिक्षक केन्द्रित विधि र कहिलेकाँहि समूह छलफल विधिबाट पनि शिक्षण सिकाइ गर्ने गरेको पाइयो । तह गत तथा विषयगत शिक्षकहरुलाई कार्यविभाजनका आधारमा परिचालन गर्ने गरेको पाइयो । यसरी शिक्षण सिकाइ प्रक्रियाम मानवीय सम्बन्धमको सिद्धान्त अनुसार आपसी सम्बन्ध कायम गरी आ-आफ्नो ठाउँबाट कार्य गरी शिक्षण सिकाइ प्रक्रियामा देखिएका कमि कमजोरीहरुलाई निराकरण गर्ने गरेको पाइयो ।

### ४.२.२. मूलयाङ्कन प्रक्रिया

विद्यार्थीको शिक्षण सिकाइमा के कस्तो सुधार भयो भनेर गरिने क्रियाकलाप नै मूल्याङ्कन हो । शिक्षण क्रियाकलापलाई समय समयमा मूल्याङ्कन गरि सुधार गरिन्छ । शैक्षिक उपलब्धी लेखाजोखा गर्नको लागि मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्दछ । यस अध्ययनमा समावेश भएका विद्यालयहरुको अवलोकन, भ्रमण तथा विद्यालय व्यवस्थापन समिति प्र.अ. शिक्षक, अभिभावक लगाएतका व्यक्तिहरुबाट लिइएको अन्तरवार्ताको आधारमा विद्यालयमा मूल्याङ्कन प्रक्रियाको अवस्थालाई परीक्षा प्रणलीको रुपमा हेर्ने गरेको पाइन्छ । अध्ययनमा परेका श्री जनता उ.मा.वि.का प्र.अ.का अन्तरवार्ताका अनुसार त्यस विद्यालयमा निर्माणत्मक र निर्णयात्मक दुई किसिमको मूल्याङ्कन प्रक्रिया अपनाउने गरिएको छ । निर्माणत्मक मूल्याङ्कन अन्तर्गत कक्षा कार्य, गृह कार्य त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षा पर्दछन । यसको आधारमा पनि विद्यार्थीहरुको मूल्याङ्कन गर्ने सकिने बताए । गृहकार्य र कक्षा कार्यले विद्यार्थीहरुलाई पढन सक्रिय बनाउने त्रैमासिक अर्धवार्षिक परीक्षाको नतिजाको आधारमा कमजोर विद्यार्थीहरुलाई थप उपचारात्मक विधिको व्यवस्था गरेको बताउनु हुन्छ । यसरी अगाडि गरिएका मूल्याङ्कनहरुले बार्षिक परीक्षाको लागि विद्यार्थी सक्रिय रहेको र शैक्षिक विकासमा अगाडि रहेको देखियो । त्यस्तै रजै जनकलाला मा.वि. का विद्यालय व्यवस्थापन समतिका अध्यक्षका अनुसार निर्माणत्मक र निर्णयात्मक दुवै किसिमको मूल्याङ्कन गर्ने गराइएको छ । यहाँ विद्यालयमा विषयगत शिक्षकहरुको आ-आफ्नो विषयमा शिक्षकहरुले कक्षाकार्य, गृहकार्य गर्न लगाउने र त्यसलाई राम्रोसँग मूल्याङ्कन गरेर कमजोर विद्यार्थीहरुलाई थप पृष्ठपोषण दिई अर्को परीक्षामा सहभागी गराउने हुँदा शिक्षण सिकाइमा सुधार हुन्छ भन्ने भनाई पाइयो । यस विद्यालयमा विषयगत रुपमा शिक्षकहरुलाई शिक्षण सिकाई तथा मूल्याङ्कन प्रक्रियाको लागि जिम्मा दिएको हुँदा उनीहरु आफ्नो कामप्रति जिम्मेवार भएको बताउनुहुन्छ ।

श्री रामजानकी उ.मा.वि. मा मूल्याङ्कनलाई परीक्षा प्रणालीको रुपमा लिइएको पाइयो । निर्माणत्मक मूल्याङ्कन समबन्धि छुट्टै कार्यतालिका देखएन । विद्यालयको आवश्यकता हेरी कक्षामा जाँच लिने गरेको भन्ने भनाई शिक्षकहरुको रह्यो । थाहाँ त्रैमासिक, अर्धवार्षिक, अर्धवार्षिक, अर्धवार्षिक, बार्षिक परीक्षा मूख्य मूल्याङ्कन प्रक्रियाको रुपमा रहेको पाइयो । त्यस्तै श्री जनता उ.मा.वि.सुखीपुरमा मूल्याङ्कन प्रक्रियाको लागि निर्माणात्मक र निर्णयात्मक दुवै खाले दुवैखाले मूल्याङ्कन गरिएको पाइन्छ । यसमा धेरै संख्यामा विद्यार्थी रहेका हुँदा कक्षा कार्य र गृहकार्यबाट मूल्याङ्कन गर्न समस्या हुन्छ तै पनि जे जस्तो समस्या भए पनि केहि मात्राम गर्ने गरेको पाइन्छ । यहाँ हरेक विषयका शिक्षकहरु आ-आफ्नो विषयमा आवश्यकतानुसार कक्षा परीक्षण लिने गरेको पाइन्छ । यसरी गरिएको कक्षा परीक्षणको आधारमा गरिएको मूल्याङ्कन अनुसार कमजोर विद्यार्थीहरुलाई पृष्ठपोषण दिने गरेको पाइन्छ । समग्रमा निर्माणत्मक मूल्याङ्कन प्रक्रियाको लागि कक्षा कार्य, गृहकार्य, कक्षा अवलोकन, त्रैमासिक र अर्धवार्षिक परीक्षलाई लिएको पाइन्छ । यसबाट विद्यार्थीहरु कमजोर रहेको अवस्थामा थप पृष्ठपोषण दिई शिक्षण प्रक्रियाम सुधार गरि बार्षिक परिक्षामा सहभागी गराई कक्षाको अन्तिम मूल्याङ्कन गर्ने गरिएको पाइन्छ । यसमा शिक्षण सिकाई प्रक्रियामा के कस्तो शैक्षिक गुणस्तरको विकास भएको त्यही अनुपातमा मूल्याङ्कनको परिणम आएको पाइयो । शैक्षिक विासको मापनको प्रमुख शिक्षक, अभिभावकहरुको पनि यसमा चासो राखेको पाइयो ।

### ४.२.३. मानव श्रोत :

शैक्षिक विकासको लागि शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ शैक्षणिक प्रक्रियाको सिकाई प्रक्रिय नै विद्याय सञ्चालनको लागि तथा शैक्षिक विकासको आधार हो । सामुदायिक विद्यालयहरुमा प्रायः शिक्षक स्रोतको अवस्थालाई हेर्दा श्री जनता उ.मा.वि.सुखीपुरमा १५ जना शिक्षकहरु परिचालन भएको पाइन्छ । यसमा १ जना बालकोटाको शिक्षक बाहेक २५

जना तालिम प्राप्त भएको र मा.वि. तहका शिक्षक दरबन्दी पनि ६ जना रहेको हुँदा थाहा शिक्षक प्रयाप्त नै मान्न सकिन्छ । यसैले शिक्षण सिकाई प्रक्रिया राम्रो मान्न सकिन्छ । र.ज.मा.वि.वलहीमा १८ जना शिक्षकहरु मध्ये १४ जना शिक्षकहरु तालिम प्राप्त छन् । यहाँ मा.वि. तहका शिक्षक दरबन्दी ३ जनामात्र रहेको हुँदा तल्लो तहका लागि रहेका शिक्षकहरुलाई थप सुविधा दिई माथिलो तहमा परिचालन गरेको पाइन्छ । यसैगरि रामजानकी उ.मा.वि. छजनामा यस्तै अवस्था रहेको पाइन्छ । यसरी आय स्रोत कम रहेका विद्यलयहरुमा मा.वि.शिक्षक दरबन्दी पनि कम रहेको हुँदा थप शिक्षक तल्लो तहमा शिक्षकहरु र निजी स्रोतका कम तलवमा योग्यता पनि कम रहेका शिक्षकहरुले माथिलो कक्षामा अध्यापन गर्दा शिक्षण सिकाइमा गुणस्तर वृद्धि गर्न सकिएको छैन् । त्यस्तै जनता उ.मा.वि. मा १८ शिक्षक मध्ये १७ जना तालिम प्राप्त छन् । यस विद्यालयमा सरकारी अनुदानमा पनि ६ मा.वि. दरबन्दी रहेको विद्यालयको आय स्रोत पनि राम्रो रहेको हुँदा शैक्षिक सुधारका निम्ति थप शिक्षक परिचालन गरेको पाइयो । अन्तरवार्ताका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षका अनुसार माध्यमिक विद्यालय तह सञ्चालनमा सरकारी अनुदान अनुसार शिक्षक दरबन्दी कम पुगेका शिक्षकहरुलाई थप सुविधा दिएर मा.वि. तहमा अध्ययन गर्न लगाउने गरेका बताए । आर्थिक स्रोत पनि कम रहेको विद्यालय भएकोले निजी स्रोतका शिक्षकहरु राखिएको छ तर प्रयाप्त रुपमा उच्च शिक्षा हाँसिल गरेका शिक्षकहरुलाई राखन नसकिएको बताए । जे जस्ता रुपले राखिएको भए पनि शिक्षकहरुले शिक्षण सिकाई प्रक्रिया राम्रैसँग गरेको पाइयो । अध्ययनमा रहेका सबै विद्यालयहरुमा सरकारी नीति अनुसार हरेक विद्यालयमा १ बालकोटाका शिक्षक दिइने हुँदा तालिम प्राप्त शिक्षक रहेको देखियो । बाँकी ३ विद्यालयहरुमा पनि १-२ जना भन्दा बाहेक सबै तालिम प्राप्त छुन । यहाँ तालिम प्राप्त शिक्षक भन्नाले सरकारबाट दिइएकको तालिम अर्थात शिक्षा विषय लिई पढेका र अध्ययापन अनुपति पत्र लिएका शिक्षकलाई बुझिन्छ । तर तालिम प्राप्त शिक्षकहरुले पनि कक्षाकोठामा तालिममा सिकेका कुराहरुलाई खासै प्रयोग गरेर पठाएको पाइदैन । जनता उ.मा.वि. र जनता उ.मा.वि. मा.शिक्षक संख्या उल्लेखनीय रुपमा रहेको र मा.वि. तहका शिक्षकहरु अर्थात उच्च तह अध्ययन गरेका


शिक्षकहरु रहेको हुँदा शैक्षिक सुधारमा कुनै असहजता देखिदैन । त्यस्तै र.ज.मा.वि. रामजानकी उ.मा.वि. जस्ता कम अया स्रोत भएका विद्यालयहरुमा सरकारी तवरबाट शिक्षक दरबन्दी अनुदान पनि कम र कम आय स्रोत भएका कारण प्रशस्त शिक्षकहरु पनि राख्न गाह्रो पर्ने यहाँ शिक्षक संख्या कम देखिन्छ । शैक्षणिक प्रक्रियामा शिक्षण सिकाई प्रक्रियाका लागि शिक्षक स्रोतको प्रयाप्तता पनि समत्वपूर्ण मानिन्छ ।

## ४.२.४ एस.एल.सी. परीक्षा उत्तीर्ण दर :

विद्यालयको शैक्षिक उत्पादनको मुख्य सुचकाक एस.एल.सी उतिर्ण दर हो। विद्यालयको सम्पूर्ण लगानी र शैक्षिक प्रक्रियाको प्रतिफल नै एस.एल.सी. उत्तिर्ण हुने विद्यार्थीहरु हुन । विद्यालय तह सम्मको शैक्षिक प्रणालीको (लगानी -प्रक्रिया -उत्पादन ) मुख्य उत्पादन एस.एल.सी.उत्तिर्ण हुने विद्यार्थीहरु भएकोले विद्यालयको एस.एल.सी.उत्तिर्ण दरले त्यस विद्यालयको ब्यवस्थापनको प्रभावकारिता मूल्याङ्कन गर्न सकिन्छ । छनौटमा परेका विद्यालयहरुको विगत २ बर्ष भित्रको एस.एल.सी. परिक्षाको नतिजा हेर्दा निम्न अनुसारको रहेको पाइयो ।

चित्र १

विद्यालय को एस.एल.सी.नतिजा




(स्रोत: विद्यालय)

यस चित्र हेर्दा सवै विद्यालयहरुमा एस.एल.सी. नतिजा समान्य देखियो । जुन राष्टको कुल उत्तिर्ण प्रतिशत भन्दा धेरै तल माथी देखिन्छ यस्तै विद्यालयहरुको श्रेणीगत उत्तिर्ण प्रतिशतलाइ हेर्दा रा.ज. उ.मा.वि.छजना र जनता उ.मा.वि.सुखीपुर ले प्रथम श्रेणीमा पनि उत्तिर्ण गराउन सफल भएको देखिन्छ भने अन्य विद्यालयहरुको द्धितिय श्रेणीमा पनि कम विद्यार्थीहरु उत्तिर्ण गराएको तथा बाँकी सबै विद्यार्थीहरु दोस्रो र तेस्रो श्रेणीमा पास भएको अवस्था छ । जवकी जनता उ.मा.वि.दहिपौडी र र.ज.मा.वि.बलहीमा प्रथम श्रेणी तथा थोरै विद्यार्थीहरु द्धितिय श्रेणीमा उत्तिर्ण गराउन सफल भएको देखिन्छ । यसरी विद्यालयहरुको नतिजाले उच्च लागनीमा उच्च प्रतिफल आउने तथा कम लगानीमा कम प्रतिफल आउने अवधारणलाई पुष्टि गरेको देखिन्छ । तर शिक्षक र प्र.अ.हरु संग गरिएको छलफल तथा अन्तरवार्ता अनुसार राम्रो रिजल्ट न हुनुमा सरकार नै बढि दोषी देखिन्छ । किनकि विद्यार्थी अनुपातमा शिक्षक सबै विद्यालयमा अपुग देखियो । साथै यस परिणामवाट अधिकांश शिक्षकहरु सन्तुष्ट देखिदैनन् । उनीहरुको धारणमा देश ब्यापी रुपमा देखिएको एस.एल.सी. परिक्षाको अनियमितताको कारण नतिजा अपेक्षाभन्दा उच्च देखिएको हुँदा यस नतिजाको सहि मूल्याङ्कन गर्ने नसकेको गुनासो गर्दछन् । यस प्रक्रियको अनियमित परिक्षा प्रणालीले प्रतिशत समान्य देखाए पनि उपलब्धी भने अपेक्षित नरहेको धरै शिक्षकहरुको विचार छ । राम्रो विद्यार्थीहरुको कम प्रतिशत र अनपेक्षित विद्यार्थीहरुको उच्च प्रतिशत नतिजा आउने गर्दछ । परिक्षा पद्धती जे-जस्तो भएपनि तथ्याङ्कले यी विद्यालयहरुको एस.एल.सी.को उपलब्धी स्तर समान्य नै देखाउँछ ।

समग्रमा अध्ययनमा परेका विद्यालयहरुको एस.एल.सी.उत्तीर्ण दरलाई हेर्दा उतसाहजनक देखिदैन् । विद्यालयमा शिक्षण सिकाई गुणस्तरको स्थितिलाई हेर्दा एस.एल.सी.को नतिजाको आधारमा पनि अनुमान गर्न सकिन्छ । त्यस्तै शैक्षिक गुणस्तर वृद्धिको लागि वैज्ञानिक ब्यवस्थापन सिद्धान्त उपयोगी हुन सक्छ । यहाँ वैज्ञानिक व्यवस्थापन सिद्धान्तको आधारमा व्यवस्थापन समितिले कार्य न गरेको हुनाले माध्यमिक तहको शिक्षण सिकाई विकास नभएको पाइन्छ ।

## ४.३ शिक्षण सिकाई अभिवृद्धि गर्न बि.ब्य.स. ले निर्वाह गरेको योगदान

विद्यालय व्यवस्थापन समितिले विद्यालयको समग्र विकासकालागि गर्नु पर्ने कामहरु मध्ये महत्वपूर्ण काम शैक्षिक विकास अन्तर्गत पर्दछ । अध्ययन क्षेत्रमा परेका विद्यालयहरुको शिक्षण सिकाई विकासमा वि.ब्य.स.को भूमिका के-कस्ता छन् त्यसलाई निम्न उपशिर्षकमा राखेर विश्लेषण गरिएको छ ।

### ४.३.१ शिक्षण सिकाई प्रक्रिया

सामाजिक अध्ययनको पाठयक्रम विभिन्न क्षेत्रलाई समेटेर एकीकृत रुपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएको विषयवस्तुहरुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रुपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सीप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यावाहारिक ज्ञान दिनका लागि कक्षाभिज्ञ वा बाहिर आ आफनो टोल, समुदायहरुसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाक्लापहरु गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ड गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीहरुलाई आ आफना समुदामा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनुपर्दछ ।

सामाजिक अध्ययनले विद्यार्थीहरुले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा जस्ता सिजर्नशील विधाहरुमार्फत् भाव अभिव्यक्त गरुन् र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । यी सबै सीपहरुको विकास गर्न सबै विद्यार्थीहरु सक्षम नहुन पनि सक्छन् त्यसैले उनीहरुलाई आफना रुचिअनुसारका सीपहरुको विकास गर्न प्रोत्साहित गर्नुपर्दछ । यसका निम्ति शिक्षकद्धारा निर्मित वार्षिक कार्य योजनाको ठूलो भूमिका रहन्छ ।

### ४.३.२. शिक्षक विद्यार्थी नियमितता :

शिक्षक विद्यार्थी नियमितताले पनि विद्यालयको शैक्षिक गुणस्तरलाई वृद्धि गर्न महत्वपुर्ण भूमिका खेल्ने प्रष्ट हुन्छ । विद्यालयको शैक्षिक गुणस्तरको आधारहरु मध्ये शिक्षक तथा विद्यार्थीको नियमितता पनि एक हो । शिक्षक नियमितताले नियमितता पठन-पाठनको संकेत गर्दछ भने विद्यार्थी नियमितताले विद्यार्थी सक्रियता तथा अभिभावकको सचेतता दर्शाउछ । विद्यार्थी नियमित भए मात्र शैक्षिक उपलब्धी अपेक्षाकृत राम्रो वनाउन सकिन्छ । अन्यथा विद्यार्थी नियमितताको अभावमा शिक्षक तथा ब्यवस्थापकको सम्पूर्ण प्रयासहरु निस्फल हुन जान्छ । विद्यालय को दस्तावेज अवलोकन गर्न क्रममा शिक्षक विद्यार्थीहरुको नियमिततालाई हेर्दा उत्साहप्रद नै रहेको देखिन्छ तर विद्यार्थी नियमिताता भने सामान्य अबस्थामा रहेको देखिन्छ । विद्यालयको बार्षिक कार्य तालिकालाई अध्ययन गर्दा २०० दिन विद्यालय खुल्ने, जसमध्ये १८० दिन कक्षा सञ्चालन हुने दिनको रुपमा छुटयाइएको पाइन्छ । शिक्षक नियमिततालाई हेर्दा रामजानकी उ.मा.वि. तथा रजै जनकलाल मा.वि. बलही क्रमश : १७३ दिन र १७१ दिन रहेको देखिन्छ जुन १७० दिनभन्दा माथी रहेको छ । त्यस्तै जनता उ.मा.वि. मा क्रमश १६६ दिन, १६८ दिन र १६९ दिन रहेको पाइयो । समग्र शिक्षक नियमितताको अवस्था विश्लेषण गर्दा सुविधा सम्पन्न र वजार क्षेत्रका विद्यालयहरुमा ब्यवस्थापन समितिको ब्यवस्थित अनुगमनका कारण शिक्षकहरुले विदा स्वीकृत गरेर विदामा वस्ने गरेको पाइन्छ भने वजारबाट भित्र ग्रामिण क्षेत्रमा रहेका विद्यालयहरुमा ब्यवस्थापनको नियमित अनुगमन नभएको कारणले विदा सम्वन्धि कुनै विशेष कार्य विधि अवलम्वन गर्ने गरेको पाइदैन ।

विद्यार्थी नियमितताको अवस्थालाई हेर्दा सबै विद्यालयहरुमा सन्तोषजनक अवस्था देखिदैन । यसको मूल कारण सरकारी सामुदायिक विद्यालयहरुमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेको समुदायका वालवालिकाहरुको बाहुल्यता बढि छ र त्यसमा पनि अभिभावकहरुको शिक्षाको स्तर न्यून रहेको हुने हुदा विद्यार्थी नियमिततामा त्यसको प्रभाव परेको देखिन्छ । सामाजिक आर्थिक तथा चेतनाको स्तर उच्च भएका अभिभावकहरुका वालवालिकहरु प्राय जसो निजी विद्यालयहरुमा अध्ययन गर्ने गरेको पाइन्छ । आर्थिक

रुपमा कमजोर रहेका अभिभावकका वालवालिकाहरु खास गरि सरकारी विद्यालय अध्ययन गर्न आउने हुँदा वुवा-आमा मेलापत जाँदा घरको काम गर्नुपर्ने, भाई-वहिनी हेर्नु पर्ने र ठुला कक्षाका विद्यार्थीहरु आफै पनि कहिलेकाही रुपमा रहेको पाइयो । यसले गर्दा सामुदायिक विद्यालयहरुमा प्रत्यक्ष ठूलो प्रभाव परेको देखिन्छ ।

### ४.३.३. विद्यालयको विद्यार्थी तथ्याङ्क

सामान्य अर्थमा कक्षा दोहोऱ्याउने विद्यार्थी भन्नाले गत बर्षको कुनै पनि कक्षामा भर्ना भएका विद्यार्थी यस बर्ष पनि सोही कक्षामा भर्ना हुन आएका छन भने तिनीहरुलाई कक्षा दोहोऱ्याउने विद्यार्थी भनिन्छ । कक्षा दोहोऱ्याउनेहरुमा अनुत्तिर्ण भएर सोही कक्षामा पडन आउने तथा विचमा कक्षा छाडी पुन भर्ना हुन आउने विद्यार्थी पर्दछन् । त्यस्तै कक्षा छाड्ने विद्यार्थीहरु भन्ने बुझिन्छ । साधारणतया कक्षा छाड्ने विद्यार्थीहरुलाई कक्षा छाड्ने विद्यार्थीहरु भन्ने वुझिन्छ । साधारणतया कक्षा छाड्ने दर भनेको विदालयमा भर्ना भएको विद्यार्थीहरुवाट उत्तिर्ण गरेको र कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको संख्या घटाउदा आउने संख्या हो । छनौटमा परेका विद्यालयहरुको २०६९ सालको तथ्याङ्कलाई हेर्दा कक्षा छाड्ने र दोहोऱ्याउने स्थीतिलाई अनुसुचीमा राखिएको छ ।

समग्रमा हेर्दा शिक्षक नियमितता राम्रो देखिन्छ भने विद्यार्थीहरुको नियमिततालाई सामान्य मान्न सकिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकन गर्दा समुदायमा हस्तान्त्रण भएका विद्यालयहरुमा शिक्षक विद्यार्थीको नियमिततालाई हेर्दा राम्रो पाइएको थियो भने हस्तान्तरण नभएका सामुदायिक विद्यालयहरुमा सामान्य अवस्था रहेको पाइएको थियो । यसरी यहाँ सम्बन्धित साहित्य अध्ययन गरिएको तुलनमा समुदायमा हस्तान्तरण गरिएका विद्यालयको भन्दा शिक्षक विद्यार्थी नियमितता कम र हस्तान्तरण नभएका विद्यालयहरु भन्दा बढी रहेको पाइयो ।

छनौटमा पेरका विद्यालयहरुको मा.वि.तहको दोहोऱ्याउनु दर सम्वन्धमा विद्यालयका शिक्षक तथा प्र.अ. सँग छलफल गर्दा कुनै पनि विद्यालयमा विद्यार्थीले कक्षा दोऱ्याउनु गरेको पाइएन । सवै विद्यालयहरुमा उदार कक्षान्नोती अवलम्वन गर्ने गरेको पाइयो अर्तात विद्यार्थीहरुलाई बार्षिक परीक्षामा फेल गरेर कक्षा दोहोऱ्याउनु पर्ने अवस्था नरेहेको पाइयो । सवै विद्यार्थीहरुलाई उत्तिर्ण गर्ने गरेको पाइयो ।

श्री रामजानकी उ.मा.वि. का प्र.अ. का अनुसार ५-६ बर्ष पहिला २ वा ३ विषय सम्म अनुत्तिर्ण विद्यार्थीहरुलाई मात्र कक्षा चढाउने तथा सोभन्दा वढि विषयमा फेल हुनेहरुलाई तल्लो कक्षामै दोहोऱ्याउनु गरिएको थियो । पछि अभिभावकहरुको ब्यापक दवावका कारण हाल केहि बर्ष देखि सवै विद्यार्थीहरुलाई कक्षा चढाउने गरेको पाइन्छ । उहाका अनुसार यसको अर्को कारण तराइका जिल्लाहरुमा एस.एल.सी. परीक्षामा देखिने ब्यापक अभियमितता पनि हो । यस्तै समस्या अध्ययनमा परेका अरु सबै मा.वि.मा पनि रहेको पाइयो ।

श्री जनता उ.मा.वि.का ब्यवस्थापन समितिका अध्यक्षका अनुसार-कक्षा ९ का उनुत्तीर्ण विद्यार्थीहरु कक्षा ८ को उत्तीर्ण प्रमाण पत्र लिइ अन्यत्र जाने र कक्षा ९ मा फेल भए पनि केहि वढि शुल्क लिएर अन्य विद्यालयले कक्षा १० मा भर्ना गरिदिने गरेको वताउनु हुन्छ । पछि एस.एल.सी. परीक्षामा नियमित उत्तीर्ण गरि पुन ११ कक्षा पढन आफ्नै विद्यालयमा आउने गरेको वताउनु हुन्छ । यसै कारण विगत केहि बर्ष देखि उनुत्तीर्ण गर्ने पद्धती बढ्दै गरिएको वताउनु हुन्छ । त्यस्तै कक्षा छाड्ने दर सम्बन्धमा हेर्दा छनौटमा परेका विद्यालयहरुमा उल्लेख गर्न लायकको कक्षा छाड्ने गरेको दखिन्न । यदा-कदा वैवाहिक कारणले तथा रोजगारीका कारणले मात्र कक्षा छाड्ने गरेको देखिन्छ । मा.वि.तहमा अध्ययन गर्ने छात्राहरु  चेतनाको अभावले कतिपय समाजमा कम उमेरमा विवाह गरिदिने कारणले पनि कक्षा छाड्ने गरेको पाइन्छ । यस्तै ढिलो उमेरमा विद्यालय आएका छात्र विद्यार्थीहरु पनि प्रहरी सेना तथा वैदेशिक रोजगारकालागि कक्षा छाडी गएको पाइन्छ । कक्षा छाडने मुख्य कारणहरु मध्ये अनुत्तिर्ण हुनुलाई पनि मुख्य कारणको रुपमा मानिन्छ । छनौटमा परेका विद्यालयहरुमा अनुत्तिर्ण गर्ने परिपाटी नरहेको हुदा कक्षा छाड्ने दरमा

कमि रहेको पाइन्छ । यसरी विद्यालयमा कक्षा छाड्ने र दोहोऱ्याउने विद्यार्थीहरुको संख्या न्यून रहँदा शैक्षिक विकासको लागि विद्यालयको लागि विद्यालय व्यवस्थापन समितिकोसक्रियता रहेको देखिन्छ ।

## ४.३.४. शिक्षक कर्मचारी नियूक्ति र कार्य क्षमता मूल्याङ्कन :

सामुदायिक विद्यालयको ब्यवस्थापन समितिले शिक्त सरकारी दरबन्दीमा अस्थाइ नियूक्ति राहत दरबन्दीमा अस्थाइ नियूक्ति तथा नीजि स्रोतबाट भत्ता खाने गरि अस्थाइ नियूक्ति गर्न पाउने ब्यवस्था छ ।

विद्यालयका प्र.अ. तथा वि.ब्य.स.का अध्यक्षसंग गरिएको अन्तरवार्ताको आधारमा शिक्षक नियूक्तिको लागि नियमावलीमा ब्यवस्था भए वम्वोजिम ३ सदस्सीय समिति गठन गर्ने गर्दछ । जसमा वि.ब्य.स.का अध्यक्ष प्र.अ. र स्थानिय बुद्धिजिवी सदस्य रहने गर्दछन । यस समितिले आवश्यताअनुसार सम्वन्धित विषयका विशेषज्ञ समेत वाट सेवा लिन सक्नेछ । त्यस्तै रिक्त पदकोलागि निश्चित अवधी किटान गरि दरखास्त आहवान गरिन्छ र पर्न आएका निवेदकहरुको लिखित परिक्षा कक्षा अवलोकन र अन्तरवार्ताका आधारमा सवैभन्दा वढि अंक प्राप्त गर्नलाई समितिले सिफारिस गर्ने तथा बाँकी केहिलाई बैकल्पीक उमेदवारमा नाम प्रकाशित गर्नेलाई समितिले सिफारिस गर्ने तथा बाँकी केहिलाई बैकल्पीक उमेदवारमा नाम प्रकाशित गर्नेलाई गरिएको छ । अध्ययनका क्रममा छनौटमा परेका प्र.अ. तथा वि.बय.स.का अध्यक्ष संग लिएको अन्तरवार्ताका अनुसार सवै विद्यालयहरुमा स्वच्छ प्रतिस्पर्धा द्धारा नै शिक्षक कर्मचारी नियूक्ति गर्ने गरिएको पाइयो । तर शिक्षक अभिभावकहरु संग गरिएको अन्तरक्रियामा भने राजनैतिक रुपले तथा सुनियोजित नियूक्ति गर्ने गरेको र सर्वसाधारणले अवसर नपाउने गुनासो ब्यक्त गरे । खास गरि वि.ब्य.स.का सदस्यहरुका आफ्नो नातागोता तथा राजनैतिक कार्यकर्ताहरुलाई नै प्रमुख प्राथकिता दिने गरिएको वताए ।

कार्यक्षमता मूल्याङ्कनको कुनै विशेष ब्यवस्था नरहेको पाइयो । सबै विद्यालयहरुमा कार्यक्षमता मूल्याङ्कनको कुनै विशेष ब्यवस्था नरहेको पाइयो । सबै विद्यालयहरुमा कार्यक्षमता मूल्याङ्कन स्थायी शिक्षकहरुको जिल्ला शिक्षा कार्यालयबाट हुने गर्दछ भने,

अस्थाई शिक्षकहरुको कुनै प्रकारको मूल्याङ्कन गर्ने पद्धति नरहेको पाइयो विद्यालय व्यवस्थापन समितिले हाल सम्म कुनै पनि शिक्षकहरुलाई पुरस्कार वा दण्ड दिने गरेको छैन भन्ने जवाफ सबै शिक्षकहरुबाट प्राप्त भयो । यसरी शिक्षकहरुलाई प्रोत्साहन वा दण्डित गरिने कुनै पद्धति नभएवाट शैक्षिक गुणस्तर सुधारमा वि.ब्य.स.प्रत्यक्ष रुपमा सक्रिय नभएको देखिन्छ । शिक्षक कर्मचारीको कार्य क्षमता मूल्याङ्कन लाई हेदा याँहा वि.ब्य.स. खासैसक्रिय रुपमा लागेको पाइदैन ।

ससग्रमा शिक्षक कर्मचारी नियुक्त गर्दा प्रक्रियागत रुपमा लिखित परीक्षा, कक्षा अवलोकन र अन्तर्वार्ताका आधारमा गर्ने गरेको पाइयो भने । कार्यक्षमता मूल्याङ्कनका लागि विद्यालय व्यस्थापन समितिले ध्यान दिएको पाइदैन । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार प्रत्येक शिक्षक कर्मचारीहरुको कामको विश्लेषण गरी पुरस्कृत गरेर थप पृष्ठपोषण दिन शिक्षक कर्मचारीहरुलाई काममा अझ प्रोत्सहान गर्नु पर्ने देखिन्छ । तर यहाँ यस्तो गर्न नसकेको पाइयो ।

### ४.३.५. विद्यालय सुधार योजना निर्माण र कार्यन्वयन

विद्यालयको सर्वाङीण विकासकालागी स्थानिय सरोकारवालाहरुले नै योजना वनाइ त्यस संग सम्वन्धि साधन र स्रोतको खोजी कार्यन्वयन निरन्तर अनुगमन र मूल्याङ्न गरी विद्यालयलाई सुधार गर्ने उदेश्यले विद्यालयहरुमा विद्यालय सुधार योजना (SIP) निर्माण गरिन्छ । विद्यालयकार्मी व्यवस्थापकिय कुशलतामा अभिवृद्धि गरी उपलब्ध स्रोत र साधनको परि चालन गरेर उच्चतम प्रतिफल सुनिश्चि गर्न प्रत्येक विद्यालयले स्थानिय सरोकारवालाहरुको समेत सहयोग लिएर पाँच बर्ष अल्पकालिन योजनाको रुपमा विद्यालय सुधार योजना निर्माण गरी कार्यन्वयन गर्नु पर्ने प्रावधान शिक्षा विभागले लागु गरेको छ । विद्यालय सुधार योजना निर्माण र कार्यन्वयनको प्रमुख जिम्मेवारी वि.ब्य.स. र प्र.अ. लाई शिक्षा विभागले सुम्पेको छ ।

छनौटमा परेका सबै विद्यालयहरुले २०६८ सालमानै विद्यालय सुधार योजना निर्माण गरेर जिल्ला शिक्षा कार्यालयमा बुझाएका छन् । विद्यालय सुधार योजना आफैमा महत्वकाक्षी

योजना हो । यसको कार्यन्वयनको लागि आवश्यक बजेटको ब्यवस्था गर्न विद्यालयहरु सक्षम छैनन शिक्षा कार्यालबाट प्रत्येक साल विद्यालय सुधार योजना को लागि भनेर केही रकम निकाशा दिने गरेको छ तर त्यो रकम अति न्यून हुने गरेको र योजनाम कार्यन्वयनको लागी प्रयाप्त नभएको प्र.अ.तथा वि.ब्य.स.का अध्यक्षहरुको गुनासो छ । बार्षिक रपमा ार्यन्वयन गर्नुपर्ने कार्यहरुको लागि बर्षको सुरुमै आर्थिक स्रोतको आवश्यक्त पर्दछ तर जिल्ला शिक्षा कार्यालबाट जहिले पनि आर्थिक बर्षको समाप्ती हुने समय पारेर असार अन्तिम तिर मात्र रकम निकास गर्नाले त्यसको पूर्ण सदुपयोग भएको अवस्था छैन् ।

विद्यालय सुधार योजना निर्माणका सम्बन्धमा वि.ब्य.स.का अध्यक्षहरु तथा प्र.अ.हमरु सग गरिएको छलफलमा प्र.अ.का अनुसार प्राय सबै वि. ब्य.स.का सदस्यहरु शैक्षिक अनुभवका हिसावमा विद्यालय सुधार योजना निर्माण गर्ने सक्षम हुदैनन् त्यसैले प्राय:सबै विद्यालयहरुमा प्र.अ. अनुभवी शिक्षक तथा वि.ब्य स. का सदस्य सल्लाहकार रहने गरी एउटा उपसमिति गठन गरि विद्याय सुधार योजना योजना निर्माणको जिम्मा दिइएको र त्यसै समितिले निर्माण गरेका विद्यालय सुधार योजनाब्यवस्थापन समिति वाट अनुमोदन गराई जि.शि.का.मा.पेश गरिएको कुरा प्र.अ.वाट जानकारी पाइयो ।

### ४.३.६. सार्वजनिक लेखापरिक्षण :

शिक्षा ऐनमा विद्यालय ब्यवस्थापन समितिलाई जिल्ला शिक्षा कार्यालयले तोकेको लेखा परिक्षकवाट विद्यालयको आय ब्यायको बार्षिक लेखा परिक्षण गराउने र लेखापरिक्षकको प्रतिवेदन उपर आवश्यक कारवाही गरि त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने उतरदायित्व सुम्पेको छ । विद्यालय ब्यवस्थापन समितिको भूमिका सम्बन्धमा गरिएको यस अध्ययनको क्रममा छनौटमा परेका चार वटै विद्यालयहरुको लेखा परिक्षणको आवश्थालाई हेर्दा सवै विद्यालयहरुले आर्थिक बर्ष समाप्ती भएपछि पुस भित्रै लेखा परिक्षण गराउने गरेको पाइयो । यसका लागि वि.ब्य.स.ले एक जना लेखापरिक्षणमा इजाजत पत्र प्राप्त लेखापरिक्षकलाई लेखा परिक्षणको जिम्मेवारी दिने गरेको सम्बन्धित विद्यालयका प्र.अ. वाट जानकारी प्राप्तभयो विद्यालय ब्यवस्थापन समितिको सक्रियताको आवस्था हेर्दा

श्री जनता उ.मा.वि. सुखिपुर ब्यवस्थापन समितिवाट ३ जनाको प्रतिनिधित्व हुने गरि एक आन्तरिक लेखा समिति गठन गर्ने र उक्त समितिले लेखा परिक्षक संग काम गरि लेखापरिक्षण समयमानै समाप्त गर्न आन्तरिक रुपमा सहयोग गने गरेको पाइयो । अन्य विद्यालयमा भने लेखा तथा प्रशासन हेर्न जिम्मेवारी पाएको १ जना शिक्षक तथ ब्यवस्थापन समितिवा एक जना प्रतिनिधिले नियमित रुपमा लेखा परिक्षण सुरु भए देखि नसकिउन्जेल सम्म लेखा परिक्षकलाई सहयोग गर्ने गरेको पाइयो ।

यसरी तयार परिएको लेखापरिक्षण प्रतिवेदनको एक प्रति वि.ब्य.स.वाट अनुमोदन गराइ जिल्ला कार्यालयमा पेश गर्ने गरिएको प्र.अ.हरुको भनाई छ । तर सर्वाजानिक गर्ने गरेको पाइएन । रजै जनकलाल मा.वि वलहीका प्र.अ. मनोज झा अनुसार-अभिभावक भेला वोलाइ लेखा परिक्षण सम्वन्धि चेतनामा कमि भएको कारण झागडा पर्ने समस्याहरु ज्यादै वढि भएको कारण हाल सार्वजनिक भेला वानाउने गरिदैन भनेर वताउनु हुन्छ ।

अभिभावकहरु संग गरिएको छलफलका क्रममा धेरै अभिभवकहरु विद्यालयको आयब्यय विवरणवाट सन्तुष्ट नभएको पाइयो । विद्यालयको पैसा के-केमा खर्च गर्दछन् हामीलाई थाँहा हुदै, आदै, आफ्नै मनमानी खर्च गरेर स्कूलको आम्दानी ब्यवस्थापन समिति हिना मिना गरेको सर्वसाधारण अभिभावकहरुको भनाइ पाइयो । यसरी समग्रमा हेर्दा केहि विद्यालयहरुमा आन्तरिक लेखा समिति गठन गरेर लेखापरिक्षणमा समद्ध गराउने कारणले लेखापरिक्षणमा समुदायको सहभागिता देखिन्छ भने अन्य विद्यालयहरुमा विद्यालयको लेखापरिक्षणमा समुदायको सहभागिता देखिन्छ भने अन्य विद्यालयहरुमा विदालयको लेखापरिक्षण समुदायलाई वि.ब्य.स.ले सक्रिय रुपमा सहभागि गराउन नसकेको पाइयो । मानव संबन्ध सिद्धान्त अनुसार समुदायले आपसी सम्बन्ध कायम गर्न नसकेको देखिन्छ । वस्तवमा शैक्षिक लगानीलाई प्रतिफलमुखी प्रभावकारी र कुशलतापुर्पक उपयोग गर्न तथा स्रोत विनियोजनलाई न्यायपूर्ण वनाउन एंव सो को लेखाजोखा गर्न समुदायले पाउनु पर्छ । यसका साथै विद्यालयले गरेको खर्चको औचित्यताका वारेमा खर्चको पारदर्शिता तथा उपयोगिताका वारेमा विद्यालयले गरेको खर्चको औचित्यताका वारेमा खर्चको पारदर्शिता तथा उपयोगिताका वारेमा विद्यालयले जनसाधारणलाई जनकारी दिनु पर्दछ ।

## ४.४. विद्यालय व्यवस्थापनमा देखिएका समस्या र चुनौतीहरु

विद्यालय व्यवस्थापनको भूभिका सम्वन्धि अध्ययनका क्रममा प्र.अ., शिक्षक, अविभावक विद्यालय व्यवस्थापन समितिका अध्यक्षसंग लिइएको अन्तर्वार्ता तथा छलफलका क्रममा विद्यालय व्यवस्थापनमा धरै प्रकारका समस्यहरु देखियो । ती मध्ये केहि प्रमुख समस्याहरु अन्तर्गत आर्थिक एवमू भौतिक समस्या, जनचेतनाको अभाव राजनैतिक हस्तक्षेप, समन्वयको अभावको अध्ययन विश्लेषण गर्न खोजिएको छ ।

### ४.४.१. आर्थिक तथा भौतिक :

हालको परिप्रेक्षमा नेपालका अंधिकांश सामुदियिक विद्यालयहरुको प्रमुख समस्याको रुपमा आर्थिक, भौतिक समस्यामा रहेको पाइन्छ । अधिकांश विद्यालयहरुमा शिक्षक दरवन्दी कम तथा विद्यार्थी संख्या वढि हुने गरेको छ । स्थानीय आम्दानीको स्रोत पर्याप्त भएका विद्यालयहरु पनि कम हुन्छन । स्थानीय स्रोतवाट थप शिक्षकको व्यवस्था गर्न नै कठिन भइरहेको अवश्थामा भौतिक पूर्वाधारको विकाश गर्नु झन चुनौतीपूर्ण देखिन्छ ।

यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरु मध्ये श्री जनता उ.मा.वि.सुखीपुर तथा श्री जनता उ.मा.वि. दहिपौडी विद्यालयहरुको स्थानिय सम्पतिको रुपमा स्थानिय वजार लाग्ने जग्गा भएको कारण ति विद्यालयहरु आर्थिक रुपले सम्पन्न देखिन्छन् । यी विद्यालयहरु पुराना विद्यालय भएका कारण शिक्षक दरवन्दी पनि पर्याप्त नै छ । तसर्थ थप शिक्षकको लागि वढि ब्यय भार वेहोर्नु पर्ने आवश्था छैन । तर श्री जनता उ.मा.वि.सुखीपुर परिसर भित्र उच्च मा.वि. क्याम्पस सञ्चालन भएका छन् । धेरै कार्यक्रमहरु सञ्चालन गर्नुपर्दा आफ्नै किसिमका आर्थिक भौतिक समस्या ब्यवस्थापन समितिले महसुस गरेको पाइयो । भौतिक पूर्वाधारमा अन्य विद्यालयहरु भन्दा राम्रो भएको कारण यस क्षेत्रका एस.एल.सी. उच्च मा.वि. तथा त्रि.वि. अन्तर्गतको परिक्षा केन्द्र यी विद्यालयमा कायम गरिने कारण नियमित कक्षा सञ्चालनमा धेरै असर परेको याँहाको शिक्षकहरुको गुनासो छ । आर्थिक भौतिक रुपमा कमजोर देखिएका राम जानकी उ.मा.वि. श्री र.ज.मा.वि. दरबन्दीका शिक्षक संख्या धरै कम भएको कारण थप शिक्षक निजीश्रोतबाट नियूक्ति

गनुपर्ने वाध्यता छ । जवकी स्थानिय आम्दानी शिक्षक तलवको लागि पनि साह्रै न्यून हुने देखिन्छ । विद्यार्थीहरुवाट शुल्क नलिने सरकारी नीति विपरित यस्ता विद्यालयहरु शुल्क लिन वाध्य छन् । यी विद्यालयकालागि कहिले गा.वि.स. तथा जि.बि.स.हरु संग आशा गरेर वस्नु पर्ने अवस्था छ । जि.शि.का.ले.दिने भौतिक पूर्वाधारको कोटामा आफ्नो पहुच नपुग्ने प्र.अ. धर्मनाथ महतो वताउनुहुन्छ । आर्थिक भौतिक कारणले गर्दानै उच्च मा.वि.का लागि पहल गर्न नसकेको उँहाको गुनासो छ । तर्सथ यस अध्ययनको कर्ममा विद्यालयहरु पुगदा विद्यालयको प्र.अ.हरुले आर्थीक कारोवार सम्वन्धि कुनै पनि सुचना वा जानकारी दिन मानेन् । त्यस मध्ये श्री रजै जनकलाल मा.वि.बलहीका प्र.अ. मनोज झा.ले स्पष्टरुपले भनु भयो कि मैले आर्थिक कारोवार सम्बन्धमा एउटा कुरा पनि भन्दिन् साथै उक्त प्र.अ.ले आफ्नो विद्यालयमा शिक्षक र प्र.अ. विचमा भेद भावको निति लिइ विद्यालय संचालन गरेको देखियो । शिक्षकहरुको भनाई अनुसार प्र.अ.ले आफू माथि उठेको र शिक्षक धैरे तल भएको कुरा महसुस गराउने कार्य भएको गुणसो शिक्षकहरुले नै वताउनु भयो । यसरी छनौटमा परेका विद्यालयहरुमा आर्थिक एंव भौतिक रुपमा प्रमुख समस्या रहेको पाइन्छ । तुलनात्मक रुपमा सम्पनन देखिएको विद्यालयहरुमा पनि थप आर्थिक, भौतिक समस्या रहेको वताउनुहुन्छ भने बाँकी कमजोर विद्यालयहरुलाई त विद्यालय संचालन गर्न पनि धौ-धौ परेको पाइयो ।

### ४.४.२. जनचेतना :

सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा प्रभाव पर्ने विभिन्न तत्वहरु मध्ये जनचेतना पनि एक हो । विभिन्न अध्ययन, अवलोकनका क्रममा यस क्षेत्रका सामुदायिक विद्यालयहरुमा निजी विद्यालयको तुलनामा उच्च क्षमता भएका र अनुभवी शिक्षकहरु कार्यरत रहेको पाइयो । यसो हुदाहुदै पनि सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्तर राम्रो नभएको छलफलमा सहभागी अभिभावक तथा शिक्षकहरुको गुनासो छ । यसको कारण सम्वन्धमा शिक्षक तथा प्र.अ.बाट लिइएको अन्तरवार्तामा अधिकांश वालवालिकाका अभिभावकहरु सचेत छैनन् । उनीहरु विद्यालयमा कहिल्यै आउँदैनन् त्यस्तै वालवालिकाहरुलाई घरमा पढने वातावरण उपयुक्त हुदैन भनि टिप्पणी गर्नुहुन्छ । त्यस्तै

राम जानकी उच्च मा.वि छजनाका शिक्षक जितेन्द्र यादब अनुसार केहि सचेत र आर्थिक रुपले सक्षम परिवारका वालवालिका नीजि विद्यालयमा भर्ना गर्ने गरिन्छ । शैक्षिक चेतनाको स्तर कम भएका र आर्थिक विपन्न परिवारका केटाकेटीहरु नै हाम्रा सामुदायिक विद्यालयमा भर्ना हुन आउछन । विद्यालयका ६ घण्टा पढाइ मात्र उनीहरुकोलागि प्रयाप्त हुदैन । उनीहरुको बढि भन्दा वढि समय घर र समाजमा वित्ने गर्छ । जस्तो बर्षमा ३६५ दिन मध्ये १८० दिन विद्यालय सञ्चालन हुन्छ । १८० दिन मध्ये पनि दिनको औषत ६ घण्टा मा विद्यालयमा वस्छन बाँकी १८ घण्टा घरमा नै विताउछन तसर्थ अभिभावक सचेत नभइ शिक्षाको स्तर कायम गर्न नसकेको बताउनु हुन्छ ।

यसरी विद्यार्थीका अभिभावकहरु आफ्ना वालवालिकाहरुको स्थीति वुझ्न कहिले-काँही नगन्य रुपमा आउने गरेको पाइयो । आफ्ना वालवालिकाहरुलाई घरमा पनि पढाइप्रति हेरविचार नगर्न र विद्यालयमा पनि आफ्ना वच्चाहरुको स्थीति वुझ्ान आउने गरेको पाइदैन । श्री जनता उ.मा.वि.का. प्र.अ. का अनुसार अभिभावकहरु नगन्यरुपमा कहिले काँही बर्षमा १-२ पटक आउछन । ९५० विद्यार्थी संख्या भएको यस विद्यालयमा २-४ जना आउनुलाई संयोग मात्र मान्ने गरेको छ । तसर्थ अभिभावकको चेतनाको स्तर पनि विद्यालयको पठन-पाठन सुधारमा प्रमुख समस्याको रुपमा बताउनु हुन्छ ।

त्यस्तै छनौटमा परेका सबै विद्यालयहरुमा अभिभावकको चेतनाको अभाव रहेको पाइयो । व्यवस्थापन समिति विद्यालय र समुदायसँगको सम्बन्धलाई सुभधुर बनाएर विद्यालयप्रति अभिभावकको चासो बढाउन नसकेको स्थितिले आपसी मानवीय सम्बन्धको विकास नहुने देखियो । चेतनाको अभावको कारणले पिछडिएका अभिभावकहरु आफ्नो कार्य र दायित्वयलाई नबुझ्ेका हुन सक्दछन् । चेतनाबाट बञ्चित समुदायलाई जागरुक गराई शिक्षा प्रतिको दायित्व महसुस गराउन विद्यालयले सामुहिक चेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

### ४.४.३. राजनैतिक हस्तक्षेप

विद्यालय संचालनमा राजनैनिक रुपमा हस्तक्षेप हुनु यस क्षेत्रको विद्यालयको अर्को प्रमुख समस्या हो । विद्यालय व्यवस्थापन समिति गठनका क्रममा अभिभावक भेला वोलाउँदा

कृतिम रुपमा अभिभावक वनाइएका राजनैतिक कार्यकर्तानै वढि हुने गर्दछन् । श्री राम जानकी उ.मा.वि.का प्र.अ. राम प्रताप यादब अनुसार राजनैतिक भागवन्डाका आधारमा व्यवस्थापन समिति गठन हुने गर्छ वास्तविक अभिभावक ब्यवस्थापन समितिमा नहुने कारणले पठन-पाठन सुधार तर्फ समितिले उत्तरदायित्व वहन नगरेको बताउनु हुन्छ । त्यस्तै जनता उ.मा.वि.का प्र.अ.का अनुसार राजनैतिक रुपमा गठन भएको वि.व्य.स.मा यसको वैठकमा आवश्यक निर्णय हुन चाहिएको विषयवस्तुमा उपयुक्त निर्णय हुन नसक्ने, निर्णयहरु शिक्षक र प्र.अ.प्रति पूर्वाग्रही हुने समितिका सम्पूर्ण पदाधिकारीहरु बीच समन्वय कायम गर्न कठिन हुने आदि समस्या छ । त्यस्तै राजनैतिक पँहुच वढि भएका स्थानिय शिक्षकहरु पठन-पठन मा प्रतिकुल प्रभाव पर्ने गर्दछन् भनेर बताउनु हुन्छ । छनैटमा परेका अन्य विद्यालयहरुमा पनि यो समस्याले ढड्कारो खडा हुने गरेको पाइयो । समग्रमा हेर्दा छनौटमा परेका सबै समुदायिक विद्यालयहरुमा धेर - थोर रुपमा राजनैतिक हस्तक्षेप एउटा प्रमुख समस्याका रुपमा रहेको पाइयो । त्यस्तै साहित्यको पुनरावलोकनमा गरिएको अध्ययनमा विद्यालय व्यवस्थापन समितिमा स्वच्छ, निःस्वार्थ, इमान्दारी र समर्पित व्यक्तिको छनौट गर्नु पर्दछ भनेका छन् । भने यहाँ ठीक उल्टो शिक्षामा ब्यापक राजनैतिक हस्तक्षेप मुख्य कारक तत्वको रुपमा रहेको तथ्य याँहा मिल्न गएको पाइन्छ ।

### ४.४.४. शिक्षक प्र.अ. र ब्यवस्थापन समिति वीच समन्वय

सामुदायिक विद्यालयहरुमा शिक्षक र ब्यवस्थापन समिति विच समन्वय हुन नसक्नुले पनि विद्यालयको शिक्षण प्रक्रया र शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्दछ । छनौटमा परेका सबै विदालयहरुमा यो समस्या रहेको पाइयो । शिक्षकहरुको अन्तरवार्ताका क्रममा सबै शिक्षकहरुले विद्यालय व्यवस्थापन समितिप्रतिको असन्तुष्टि ब्यक्त गर्नुभयो भने ब्यवस्थापन समितिका अध्यक्षहरु संग गरिएको अन्तरवार्ताका क्रममा ब्यवस्थापन समितिका जिम्मेवारी कम लिने प्रवृत्ति रहेको वताए

त्यस्तै श्री रजै जनकलाल मा.वि. बलहीको शिक्षक प्रदिप कुमार सिहंका अनुसार विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु हुकुमी प्रवृत्ति लागु गर्न तथा विद्यालयका कुनै पनि कार्यमा सरसल्लाह नगर्ने भएका सुविधाहरु पनि कटौती गर्ने, परिश्रमिक दिन ढिलाइ गर्ने

आदि कारणले शिक्षक र विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु विच राम्रो समन्वय हुन नसकेको वताउनु हुन्छ । तर श्री जनता उ.मा.वि. दहिपौडी मा भने ब्यवस्थापन समिति र शिक्षक विच समन्वय ठिकै रहेको त्यस विद्यालयका शिक्षक भेष कुमार नेपालले वताउनु भएको थियो तर प्र.अ. र शिक्षक विच समन्वयको अभाव रहेको पाइयो । अन्तरवार्ता तथा छलफलका क्रममा सबैजसो विद्यालयमा ब्यवस्थापन समिति र शिक्षकहरुको नियूक्ति सामुहिक छलफल तथा वैठक बर्षभरिमा एकै पटक पनि हुने गरेको पाइएन् । साथै स्टाफ मिटिङ्गमा शिक्षकहरुले पारित गरि ब्यवस्थापन समितिमा पठाइएका कुराहरुलाई विद्यालय व्यवस्थापन समितिको मूल्याङ्कन नगर्ने तथा वि.ब्य.स.का निर्णयहरु प्रति शिक्षक सकारात्मक नहुने अवश्थाहरु पनि रहेको पाइयो । यसरी शिक्षक प्र.अ. अभिभावक तथा ब्यवस्थापन समिति विच समन्वय नहुदा विद्यालयको सामुहिक कार्य विग्रन गइ पढन-पाठन र त्यसको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने आवश्यथा देखिन्छ । मानव सम्बन्ध सिद्धान्त अनुसार जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्ययति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवम् प्रभावकारिता हाँसिल हुन्छ भने झै यहाँ विद्यालय र शिक्षक, प्र.अ. तथा ब्यवस्थापन समितिको सम्बन्धबीच समन्वयको विकास नभएको देखियो । यीनिहरुमा पारस्परिक समन्वयात्मक सम्वन्ध कायम गर्न आफ्नो ब्यवहार एंव समझदारी कायम गर्नु उपयूक्त हुन्छ भने शिक्षक, प्र.अ.र व्यवस्थापन समिति बीच परिवर्तन गरि समन्वयात्मक धारणाको विकास गरि परिवर्तन ल्याउन जरुरी हुन्छ ।

## परिच्छेद : पाँच

## निष्कर्ष र सुझाव

माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय ब्यवस्थापन समितिको भूमिका सम्बन्धि सिरहा जिल्लाका ४ वटा मा.वि.हरुमा गरिएको यस अध्ययनवाट निम्न अनुसारका प्राप्ती , निष्कर्ष र सुझाव दिने प्रयास गरिएको छ ।

### ५.१. निष्कर्ष

शोध अध्ययनवाट प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषण का आधारमा निश्कर्ष निकालिएको छ । निश्कर्षहरु थौरै नमुना र सानो क्षेत्रमा अध्ययन गरि प्राप्त भएकोले अध्ययनको परिसिमा मा भनेझै राष्ट्रिय रुपमै प्रतिनिधित्व गर्ने खालका नहुन सक्छन तर अध्ययन क्षेत्र संग मिल्दोजुल्दो परिस्थीति भएका ठाँउहरुमा भने मिल्न सक्ने कुरा प्रति म विश्वस्त छु । समग्र शैक्षिक विकासको लागि वि.ब्य.स.ले शैक्षिक विकासका सबै पक्षमा समान तथा पूर्ण जिम्मेवारीका साथ भुभिका निर्वाह गर्न सकेको छैन । आर्थिक तथा भौतिक पक्षको विकासमा मात्र पढि क्रियाशिल भएको पाइयो । आर्थिक र भौतिक जस्तै शैक्षिक विकासको मूल मेरुदण्ड विद्यार्थी, शिक्षक र शिक्षण प्रक्रियालाई पनि थप ध्यान दिनुपर्ने अवाश्यक्ता देखिन्छ । शिक्षक तथा विद्यार्थीहरु लाई क्रियाशिल वनाउन नियमित मूल्याङ्कन तथा प्रोत्साहनको वातावरण विकास गर्नुपर्ने आवश्यक्ता स्पष्ट हुन आउछ । विद्यालयको शैक्षिक विकास शिक्षकमा मात्र निर्भर गर्न नसकिने हुँदा सामुदायिक विद्यालयका मूख्य सरोकारवाला अभिभावकहरुवाट सहयोग लिनु आवश्यक छ । वि.ब्य.स.ले अभिभावक भेला

वोलाई विद्यार्थीहरुको प्रगति विवरण दिने व्यवस्था मिलाउन सके शैक्षिक संख्याले अझ वढि उपलब्धी हाँसिल गर्न सक्छ ।

सम्वधित वालवालिकाहरुका वावु- आमानै ब्यवस्थापन समितिमा आउने गरेको पाइएन । राजनीतिका तथा पार्टीगत रुपमा ब्यवस्थापन समिति गठन हुने हुदा राजनैतिक एजेन्डा हामी भै शैक्षिक एजेण्डाहरु ओजेलमा पर्ने अवश्था रहन्छ । वि.व्य.स,प्र.अ, शिक्षक तथा अभिभावक चारवटै पक्षको समन्वयात्मक भूमिका निर्धारण गरि शैक्षिक वातावरण कायम गर्नुपर्ने देखिन्छ । सरकारी निति स्पष्ट नहुनाले गर्दा आर्थिक अवस्था कमजोर भएका विद्यालयमा झन कम दरवन्दी तथा आर्थिक रुपले सक्षम विद्यालयहरुमा भने वढि शिक्षक दरवन्दी रहेको अवस्था देखिन्छ ।

समग्रमा निश्कर्षको रुपमा भन्दा विद्यालयको शिक्षण सिकाई सुधारमा विद्यालय ब्यवस्थापन समितिको भूमिका रचनात्मक नै रहेता पनि आर्थिक र भौतिक पक्षमा जस्तो शैक्षणिक तथा वातावरणिय पक्षमा पनि ध्यान केन्द्रित गर्न सके अपेक्षित माध्यामिक तहको शिक्षण सिकाई विकास गर्न सकिने देखिन्छ ।

## ५.२. सुझाव :

यस अध्ययनसँग सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ र अभिभावकसँग छलफल, अन्तक्रिया, प्रश्नावलीको मध्यमबाट विद्यालय व्यवस्थापन गर्दा आइ परेका समस्याहरुको समाधान गर्न अवलम्बन गर्नु पर्ने सुझावहरु  लिइएको थियो । माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका सम्बन्धी गरिएका अध्ययनका आधारमा निकालिएका प्राप्तीअनुसार भविष्यमा नीतिगत तहमा लिइनु पर्ने निर्णयहरु, अभ्यासतहमा गर्नु पर्ने कार्यहरु र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्नु पर्ने देखिएको छ । यस अध्ययनका प्राप्ति र निष्कर्षको आधारमा निम्नलिखित सुझावहरु पेश गरिएको छ ।

### ५.२.१. नीतिगत तह :

माध्यमिक विद्यालयको शिक्षण सिकाई विकासमा विद्यालय व्यवस्थापन समिति को ठूलो भूमिका रहने भएकोले आर्थिक, भौतिक एवम् शैक्षिक अवस्थाको पहिचान गर्नेका लागि विभिन्न नीति अपनाउनु पर्दछ । विद्यालय व्यवस्थापनको लागि विद्यालयले सरकारी अनुदानमा मात्र भर नपरी स्थानीय स्रोत सामाग्रीलाई परिचालन गरि जि.वि.स. र गा.वि.स.ले आर्थिक तथा भौतिक साधनको लागि चाहिने आवश्यक खर्च गर्नु पर्ने नीति बनाउनु पर्दछ । सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन गर्ने जिम्मा स्थानीय निकाय, व्यवस्थापन समितिलाई काम कर्तव्य र अधिकार नीतिगत रुपमा तयार गर्न

गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा वेज्ञानिकीकरण गर्न ऐन तथा विद्यार्थी संख्याका आधारमा शिक्षकको दरबन्दी थप गर्नका लागि स्थानीय नियकाबाटै पहल गर्नु पर्दछ । दरवन्दी वितरण गर्दा पहुँचका आधारा वितरण  नगरी विद्यार्थी संख्याको आधारमा वितरण गर्ने बनाउनु पर्दछ ।

## ५.२.२. अभ्यास तह :

माध्यमिक विद्यालयको भौतिक सुविधा तथा शैक्षिक विस्तारको लागि स्थानीय सरोकारवाला स्थानीय निकाय, सामाजिक कार्यकर्ता, राजनैतिक दलसँग छलफल गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ । माध्यमिक विद्यालयमा शिक्षक राजनीतिक स्वार्थ भन्दा वढी पेशाप्रति बढी समर्पित भई कार्य गर्नु पर्ने देखिन्छ । सरकारी तथा स्थानीय स्तरवाट नियमित अनुगमन र निरिक्षण गर्नुपर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समितिलाई वेलावेलामा अभिमुखिकरण तालिम दिनुपर्ने र उत्कृष्ट व्यवस्थापन गर्ने समितिलाई पुरस्कारको व्यवस्था गर्नु पर्ने देखिन्छ । त्यस्ता विद्यालय व्यवस्थापन समितिले गरेका उदाहरणीय कार्यका बारेमा अन्य विद्यालय व्यवस्थापन समिति समक्ष प्रचार प्रसार गराउनु पर्ने देखिन्छ । स्रोत बीच अन्तरक्रियाकार्यक्रम सञ्चालन गराउनु पर्दछ । विद्यालयले अभिभावकलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समय समयमा अभिभावक भेलाको आयोजना गर्नु पर्दछ । विद्यालयले अभिभावकलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समय-समयमा अभिभावक भेलाको आयोजना गर्नु पर्ने देखिन्छ । विद्यालय ब्यवस्थापन समितिले विद्यालयमा संचालित शैक्षणिक कार्यक्रमहरुको नियमित अनुगमन र मूलयाङ्कन गर्नुपर्दछ । मूल्याङ्कन प्रणालीलाई ब्यवस्थित गर्न र वैज्ञानिक वनाउन निरन्तर मूल्याङ्कन प्रणाली तथा पृष्ठपोषणलाई ब्यवस्थीत गर्नु पर्दछ ।

## ५.२.३. अनुसन्धान तह :

यहाँ अध्ययनको क्रममा माध्यमिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका सम्बन्धी अध्ययन गरिएको हुँदा यस सम्बन्धी अन्य पक्षहरुलाई पनि अध्ययन गर्न सकिने हुँदा अभ्यास तहमा सरोकारवालालाई थप जिम्मेवार बनाई वर्तमानमा देखिएका समस्या तथा चुनौति र भविष्यमा देखा पर्ने कठिनाइलाई हटाउनको लागि थप अनुसन्धान तहमा जोड दिनु पर्ने देखिन्छ । सामुदायिक माध्यमिक विद्यालयहरुको आर्थिक तथा भौतिक पक्ष कमजोर रहेको हुँदा शैक्षिक विसकामा विद्यमान स्रोत र साधनको प्रभाव सम्बन्धी अध्ययन गर्न सकिने छ । विभिन्न विषयगत रुपमा विद्यार्थीहरुको वास्तविक शैक्षिक स्तरसम्म एस.एल.सी.को उपलब्धीको अध्ययन गर्नु पर्ने आवश्यकता देखिन्छ । शैक्षिक विकासका लागि उच्चस्तर र निम्नस्तरका विद्यार्थीहरुका अभिभावकहरुको सक्रियता सम्बन्धी अध्ययन गर्न सकिनेछ ।

# सन्दर्भसामग्री


*अधिकारी, विष्णुप्रसाद (२०७०/२०७१) मा.शि.अ.श्रो.सामग्री ।*

*कोइराला र श्रेष्ठ (२०६३), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौ विद्यार्थी पुस्तक भण्डार ।*

*खनाल , केदार प्रसाद (२०६५), संमुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक प्राथमिक विद्यालयहरुको आन्तरिक दक्षता र व्वस्थापकिय पक्षको तुलनात्मक अध्ययन, अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।*

*खनाल चिरञ्जीवी (२०५७), शिक्षक ऐन नियमावली*

*गेलाल, निर्मल कुमार (२०६५), विद्यालय सुधार योजनामा विद्यालय व्यवस्थापन समितिको भूमिका, अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।*

*विद्यालय सुधार योजना सहयोगी पुस्तिका (२०६१), भक्तपुर : शिक्षा विभाग ।*

*शर्मा, महाश्रम (२०६३), विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिता र भावी सम्भावना, शैक्षिक उन्नयन, (२०७०), नेपाल शैक्षिक प्रबर्द्धन केन्द्र सेरिड ।*

*शिक्षक शिक्षा ( २०६४) शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठीमी भक्तपुर ।*

*शाही (२०७०) शैक्षिक व्यवस्थापनमा प्रभावकारिता*

*भण्डारी, मुकुन्दप्रसाद (२०७०), नेपालमा प्राथमिक शिक्षा काठमाडौं विद्यार्थी पुस्तक भण्डार*

*भक्तभुर : शैक्षिक सुचना संगालो ।*

*२०७०, शिक्षक मासिक (संग्रह)*

*शर्मा, चिरिञ्जवी र शर्मा, निर्मला (२०६५), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, काठमाण्डौ : एम.के. पब्लिसस एण्ड डिष्ट्रिब्यूट्स ।*

*CERID (2002), School Effectiveness in Nepal A Synthessis of Indicaters Formotive Research Kathmandu : Acuthor.*

# अनुसूची :१

## विद्यालयहरुको सामान्य परिचय

| क.स. | विद्यालयको नाम ठेगाना | वि.व्य.स.को अध्यक्ष | प्र.अ. | शि.अ. सं. | शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री जनता उ.मा.वि. सुखिपुर | जय नारायण साह | श्री किशोरी प्र. साह | | १९ | ८८६ |
| २. | श्री रजै जनकलाल मा.वि. बलही | नन्द कुमार महतो | श्री मनोज कुमार झा. | | १८ | १०३५ |
| ३. | श्री जनता उ.मा.वि. दहिपौडी | देवनारायण यादब | श्री धर्मनाथ महतो | | १७ | ६५० |
| ४. | श्री राज जानकी उ.मा.वि.छजना | रामचन्द्र यादब | श्री राम प्रताप यादब | | १९ | १४७५ |

स्रोत : स्थलगत अध्ययन २०७०

## अनुसूची २

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सोधिएको अन्तरवार्ता सूची

अध्यक्षको नाम : शैक्षिक योग्यता

विद्यालयको नाम पेशा

१. यस विद्यालयका आर्थिक स्रोतहरु के के हुन् ?

२. तपाइको आर्थिक तथा भौतिक अवस्थाका सुधारका लागि के-कस्ता पहल गर्नु भएको छ ?

३. विद्यालय व्यवस्थापन समितिको बैठक कति पटक वस्छ ? यसमा कस्ता विषयहरुलाई बढि प्राथमिकता दिनुहुन्छ ?

४. तपाइहरुले शैक्षिक स्तर सुधारका लागि प्र.अ. तथा शिक्षक कसरी परिचालन गर्नुभएको छ?

५. शिक्षण सिकाई प्रक्रियामा विद्यालय व्यवस्थापन समितिले के कस्तो कार्य गर्दछ ?

६. शिक्षक कर्मचारी नियूक्ति र कार्यक्षमता मूल्याङ्कनको कस्ता व्यवस्था गर्नु भएको छ ?

७. शिक्षकको कार्यदक्षता अभिवृद्धि गर्ने के कस्तो व्यवस्था छ ?

८. तपाइको विद्यालयमा शिक्षक विद्यार्थी नियमिततालाई के-कस्तो रुपमा लिनुभएको छ ?

९. प्रवेशिका परीक्षाको स्थितिलाई हेर्दा शैक्षिक स्तर कस्तो छ ?

१०. शैक्षिक स्तर सुधार गर्न कुनै विशेष कार्यनीति तयार गर्नुभएको छ ?

११. विद्यार्थी क्रियाशिलता बढाउन के- कस्ता उपायहरु अलवम्बन गर्नु भएको छ ?

१२. विद्यार्थीहरुको पठनपाठन प्रति अभिभावकहरुकोसक्रियता कस्तो पाउनु भएको छ ?

१३. कस्ता कस्ता अवसरमा अभिभावक भेला बोलाउने गर्नु भएको छ ?

१४. शैक्षिकस्तर सुधार गर्नमा ककस्को भूमिका क्रमशः महत्वपूर्ण भएको ठान्नु हुन्छ ?

# अनुसूची- ३

## प्र.अ.लाई सोधिएको अन्तरवार्ता सूची

नाम : शैक्षिक योग्यता

विद्यालय : शिक्षण अनुभव

१. तपाई कति बर्षदेखि यस विद्यालयमा प्र.अ. हुनुहुन्छ ?

२. तपाईका विद्यालयका आर्थिक स्रोतहरु के के हुन र कति छन् ?

३. तपाईको विद्यालयमा आर्थिक तथा भौतिक पक्षलाई सुद्धढ बनाउन विद्यालय व्यवस्थापन समिति ले के कस्तो भूमिका खेलेको छ ?

४. विद्यालयको शिक्षण सिकाई पक्रियामा विद्यालय व्यवस्थापन समिति ले के कस्ता पहल गर्नपर्ला ?

५. विद्यार्थीहरुको शैक्षिक उपलब्धी वृद्धि गर्न थप के कस्ता व्यवस्था गरेको छ ?

६. विद्यालय सञ्चालनमा व्यवस्थापन समितिको सहयोग कत्तिवको पाउनुहुन्छ ?

७. शिक्षण सिकाई प्रक्रियामा शिक्षकहरु कसरी परिचालन गर्नुभएको छ ?

८. विद्यालयको हालको शैक्षिक स्तरदेखि सन्तुष्ट हुनुहुन्छ ?

९. शैक्षिक स्तरमा थप बृद्धि गर्न के कस्ता कर्यायोजनाहरु निर्माण गर्नु भएको छ ?

१०. शैक्षिक विकासमा शिक्षकहरुको भूमिका तथा उत्तरदायित्व कस्तो पाउनु भएको छ ?

११. शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको कस्तो भूमिकाको अपेक्षा गर्नुहुन्छ ?

१२. शिक्षकहरु आफ्नो कार्य प्रति कक्तिको इमान्दार हुनहून्छ ?

१३. शैक्षिक विकासका लागि अभिभावकहरुको सहयोग र सक्रियाता कस्तो पाउनु भएको छ ?

# अनुसूची ४

## शिक्षकलाई सोधिएको अन्तरवार्ता सूची

नाम : शैक्षिक योग्यता

विद्यालय शिक्षण अनुभव

१. तपाईको विद्यालयको शैक्षिक स्तरबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

२. के के कुराले विद्यालयको शैक्षिक स्तरलाई प्रत्यष प्रभाव पार्छ ?

३. आर्थिक तथा भौतिक स्रोत जायउन विद्यालय व्यवस्थापन समितिले के-कस्तो पहल गर्छ ?

४. तपाई विद्यालयमा शिक्षण सिकाई कसरी गर्नुहुन्छ ?

५. शिक्षण सिकाई प्रक्रियामा विद्यालय व्यवस्थापनले के- कस्तो व्यवस्थापन गर्छ ,

६. विद्यालय व्यवस्थापन समितिबाट तपाई के कस्तो सहयोगको अपेक्षा गर्नुहुन्छ ?

७. अपेक्षित सहयोग कत्तिको प्राप्त गर्नुभएको छ ?

८. अभिभावकहरु आफ्ना बालबालिकाका गुनासाहरु लिएर कत्तिको आउनुहुन्छ र कस्ता गुनासाहरु लिएर आउनुहुन्छ ?

९. विद्यालय व्यवस्थापन समितिले तपाईको विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि के कस्ता कार्यहरु गरेको छ ?

१०. शिक्षकहरु तथा व्यवस्थापन समिति विच विद्यालयका शैक्षिक समस्या समाधानका विषयमा छलफल वा अन्तरक्रियाहरु हुने गर्छन ?

११. तपाइको विद्यालयमा विद्यालय व्यवस्थापन वा प्रशासनबाट कुनै शिक्षक पुरस्कृत वा दण्डित भएको थाहा छ ?

१२. विद्यालयको शैक्षिक सुधार गर्न विद्यालय व्यवस्था समिति ले के-कस्ता कार्यहरु गर्नुपर्छ जस्तो लाग्छ ?

# अनूसूची - ५

## अभिभावकलाई सोधिएको अन्तरवार्ता सूची

नाम : शैक्षिक योग्यता

पेशा ठेगाना

१. तपाई आफ्ना बालबालिकाको पढाई प्रति सन्तुष्ट हुनुहुन्छ ?

२. तपाई विद्यालय जाने गर्नुहुन्छ र किन ?

३. आर्थिक स्रोत तथा भातिक साधन जुटाउन तपाईले विद्यालयलार्य के कस्तो सहयोग गर्नुहुन्छ

४. यस विद्यालयमा बर्षमा कतिपटक अभिभावक भेला गरिन्छ ?

५. अभिभावक भेलामा कस्ता विषयवस्तुहरु माथि छलफल गरिन्छ ?

६. तपाईहरुले दिनुभएका सुझावहरु विद्यालय व्यवस्थापन ले कत्तिको कार्यन्वयन गरेको पाउनु भएको छ ?

७. बालबालिकाको सिकाइस्तर बढाउन अभिभावक स्वयम्ले के के गर्नु पर्छ ?

८. शिक्षण सिकाई प्रक्रियाका लागि आफ्ना बालबालिकालाई कसरी सहयोग गर्नुहुन्छ ?

९. विद्यालयमा शैक्षिक स्तर बृद्धि गर्न के कस्ता कार्यहरु गर्नुपर्छ जस्तो लाग्छ ?

१०. शैक्षिक सुधारका विषयमा विद्यालय व्यवस्थापन समितिको अभिभावकहरु सँग छलफल गर्ने गर्दछ ?

११. तपाईको बालबालिकाले कस्तो सहयोग गृह कार्य गर्छन् ?

## अनूसूची -६

## समूह छलफल निर्देशिका

- लेखा परीक्षण
- विद्यालय र अभिभावक सम्बन्ध
- विद्यालय व्यवस्थापन समितिको भूमिका
- शिक्षक र व्यवस्थापन समितिबीचको समबन्ध
- आर्थिक पारदर्शिता
- आर्थिक संकलन र परीक्षा प्रणाली
- प्रवेश परिक्षा र प्रभावकारिता
- भौतिक पूर्वाधारमा जनश्रमदान

# अनूसूची-७

## विद्यालय अवलोकन फारम

विद्यालयको नाम :                                                              प्र.अ.को नाम :

| क्र.स. | विवरण | अवस्था | पर्याप्त | अपर्याप्त |
|---|---|---|---|---|
| १. | विद्यालय भवन | | | |
| २. | विद्यालय परिसर | | | |
| ३. | छाना | | | |
| ४. | कक्षाकोठा | | | |
| ५. | खेलमैदान | | | |
| ६. | खानेपानी | | | |
| ७. | शौचालय | | | |
| ८. | पुस्तकालय | | | |
| ९. | वाचनालय | | | |
| १०. | प्रयोगशाला | | | |
| ११. | फर्निचर | | | |
| १२. | खेलकूद सामग्री | | | |
| १३. | कम्पाउड | | | |
| १४. | शैक्षिक सामाग्री | | | |
| १५. | बार्षिक कार्यपात्रो निर्माण | | | |
| १६. | शिक्षकको नियमितता | | | |
| १७. | विद्यार्थी नियमितता | | | |
| १८. | शिक्षक संख्या | | | |
| १९. | कर्मचारी पियन तथा पाले | | | |
| २०. | तालिमम प्राप्त शिक्षक | | | |
| २१. | साप्ताहिक कार्यभार | | | |
| २२. | विद्यार्थी संख्या | | | |
| २३. | शिक्षक विद्यर्थी अनुपात | | | |

# अनूसूची :८

## आर्थिक स्रोतको अवस्था

| क्र.स. | विद्यालयको नाम | सरकारी अनुदान | शूल्क | जग्गा जमिन वाट आम्दानी | गा.वि.स. ले दिने अनुदान | चन्दा वाट |
|---|---|---|---|---|---|---|
| १. | श्री जनता उ.मा.वि.सुखीपुर | - | - | - | - | - |
| २. | श्री र.ज.मा.वि.बलही | - | - | - | - | - |
| ३. | श्री रा.ज.उ.मा.वि.छजना | - | - | - | - | - |
| ४. | श्री ज.उ.मा.वि. दहिपौडी | - | - | - | - | - |

स्रोत : स्थलगत अध्ययन २०७०

# अनूसूची-९

## विद्यालयहरुका भौतिक विवरणहरु

| क.स. | विवरण | श्री ज.उ.मा.वि. सुखीपुर | श्री र.ज.मा.वि. वलही | श्री रा.ज.उ.मा.वि. छजना | श्री ज.उ.मा.वि. दहिपौडी |
|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | १२ कोठा पक्की ६ वलोक R.R.N. 3 | १ पक्की (४ कोठा) ६ व्लोक | ३२ कोठे भारतिय राजदूता वास भवन ६ व्लोक | १ पक्की (४ कोठा) ६ व्लोक |
| २. | कक्षा कोठा | १२ | १३ | ४४ | १४ |
| ३. | खेल मैदान | ३-०-० | ८ कट्ठा | १० कट्ठा | १-१०-० |
| ४. | खेल सामग्री | प्रयाप्त | समान्य | समान्य | प्रयाप्त |
| ५. | खाने पानी | ५ | ३ | ३ | ३ |
| ६. | सोचालय | ५ | ३ | ४ | २ |
| ७. | प्रयोगशाला | १ | - | १ | १ |
| ८. | पुस्तकालय | समान्य | समान्य | समान्य | समान्य |
| ९. | शैक्षिक सामग्री | समान्य | समान्य | समान्य | समान्य |
| १०. | फर्निचर | १६१ जोडा | १९० जोडा | २७५ जोडा | १३० जोडा |
| ११. | कम्पाउन्ड | छ | छ | छ | छ |
| १२. | विद्यार्थी संख्या | ८८६ | १०३५ | १४७५ | ६५० |

स्रोत :स्थलगत अध्ययन ,२०७०

# अनूसूची -१०

## विद्यालयमा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने स्थीती

| क्र.स. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी | | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी | | उत्तिर्ण विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० |
| १. | श्री जनता उ.मा.वि.सुखीपुर | २४८ | १७४ | २४८ | १७४ | २४१ | १६९ |
| २. | श्री र.ज.मा.वि.बलही | १७१ | १२६ | १६० | ११५ | ११९ | ११२ |
| ३. | श्री रा.ज.उ.मा.वि.छजना | १३५ | १०१ | १२५ | ९५ | १२१ | ८५ |
| ४. | श्री ज.उ.मा.वि. दहिपौडी | ८१ | ८८ | ८१ | ८५ | ८१ | ८५ |

स्रोत :स्थलगत अध्ययन ,२०७०